# मुक्त कमलरीको जीविकोपार्जनमा आएको परिवर्तन
# (टिकापुर न.पा.वडा नं.१ कैलालीमा गरिएको एक समाजशास्त्रीय अध्ययन)

त्रिभुवन विश्वविद्यालय, स्नातकोत्तर तह
समाजशास्त्र उपाधिको आंशिक आवश्यकता
परिपूर्तिका लागि प्रस्तुत गरिएको
शोध-पत्र

शोधार्थीः
नविन चौधरी
परिक्षा क्रमाङ्कः २८३२०२
त्रि.वि.वि. दर्ता नं. ६-२-२६२-१३१-२०१४
समाजशास्त्र केन्द्रीय विभाग
कीर्तिपुर, काठमाडौं
२०८१

**त्रिभुवन विश्वविद्यालय**

**समाजशास्त्र केन्द्रीय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## सिफारिस पत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र संकाय अन्तर्गत समाजशास्त्र विषयको स्नाकोत्तर तह उपाधि प्राप्तिको आंशिक आवश्यकता पूरा गर्ने उद्देश्यले प्रस्तुत "मुक्त कमलरीको जीविकोपार्जनमा आएको परिवर्तनः टिकापुर न.पा.वडा नं.१ कैलालीमा गरिएको एक समाजशास्त्रीय अध्ययन" विषयको यो शोधपत्र नविन चौधरीले मेरो निर्देशन, सुझाव तथा सुपरिवेक्षणमा तयार पार्नु भएको हो । अतः शोधपत्रको अन्तिम मूल्याङ्कन तथा स्वीकृतिको लागि सिफारीस गर्दछु ।

मितिः २०८१/

...............................

उप-प्रा.केशवराज शिलवाल

(शोध निर्देशक)

समाजशास्त्त केन्द्रीय विभाग

त्रिभुवन विश्वविद्यालय

कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**
**समाजशास्त्र केन्द्रीय विभाग**
**कीर्तिपुर, काठमाडौं।**

**स्वीकृति- पत्र**

“मुक्त कमलरीको जीविकोपार्जनमा आएको परिवर्तनः टिकापुर न.पा.वडा नं.१ कैलालीमा गरिएको एक समाजशास्त्रीय अध्ययन” शीर्षक राखी त्रिभुवन विश्वविद्यालय, सामाजशास्त्र केन्द्रीय विभाग कीर्तिपुर अन्तरगत नविन चौधरीले समाजशास्त्र विषयको स्नातकोत्तर त हको उपाधिको लागि प्रस्तुत गर्नु भएको शोधपत्रलाई मूल्याङ्कन गरी स्वीकृति प्रदान गरिएको छ ।

| **<u>शोध मूल्याङ्कन समिति</u>** | **<u>हस्ताक्षर</u>** |
|---|---|
| प्रा.डा युवराज लुईटेल<br>(विभागीय प्रमुख) | ................................ |
| उप.प्रा. केशवराज सिलवाल<br>(शोध निर्देशक) | ................................ |
| उप.प्रा.प्रेम बहादुर चलाउने<br>(बाह्य परीक्षक) | ................................. |

मितिः

**कृतज्ञताज्ञापन**

अध्ययनको सिलसिलामा तथ्याङ्क संकलन एवम् विश्लेषण कार्यमा प्रत्यक्ष र अप्रत्यक्ष रुपमा मलाई सहयोग पुऱ्याउनु हुने अध्ययन क्षेत्रका सम्पूर्ण उत्तरदाताहरुमा हार्दिक धन्यवाद् दिन चाहन्छु । जसको सहयोग बिना यो कार्य समयमै सम्पन्न हुन सक्ने थिएन । खासगरी तथ्याङ्क संकलन गर्दा आफ्नो निकै व्यस्तताको बाबजुत पनि सूचना तथा जानकारी सहज वातावरणमा उपलब्ध गराउनु हुने सम्बन्धीत वडाका वडा अध्यक्ष लगायत थारु उत्थान समाजका अध्यक्ष, सचीव लगायत सबैमा हार्दिक धन्यवाद दिन चाहन्छु ।

शोधपत्र लेखनको क्रममा आफ्नो अमूल्य सुझाव, मार्गदर्शन एवम् समय प्रदान गरी अद्धितीय योगदान पुऱ्याउनु हुने त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र विभागका आदणीय गुरु एवं शोध निर्देशक उप-प्रा. केशव शिलवाल, विभागिय प्रमुख प्रा.डा.युवराज लुइटेल ज्यू, प्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु । यस क्रममा महत्वपूर्ण सूझाव दिनु हुने बाह्य परिक्षक उप.प्रा. प्रेम बहादुर चलाउने ज्यू प्रति विशेष आभारी छु । अध्ययनका क्रममा सहयोग पुऱ्याउनु हुने मेरा साथीहरुलाई यस अवसारमा स्मरण गर्न चहान्छु । यहाँ सम्मको अध्ययन पूरा गर्ने क्रममा ऋण जोह गरेर निरन्तर अगाडि बढ्न प्रेरित गर्नुहुने बुवा-आमा लगायत सम्पूर्ण परिवारजनमा हार्दिक आभार व्यक्त गर्दछु ।

मितिः २०८१/

नविन चौधरी

कीर्तिपुर, काठमाडौं ।

## विषय सूची

**सिफारिस पत्र** i

**स्विकृति पत्र** ii

**कृतज्ञताज्ञापन** iii

**विषयसूची** iv

**अध्याय एक**
**परिचय**

१.१ अध्ययनको पृष्ठभूमि १

१.२ समस्याको कथन

५

१.३ अनुसन्धानका प्रश्नहरु ७

१.४ अध्ययनको उद्‌देश्य ७

१.५ अध्यनयको महत्व ७

१.६ अध्ययनको क्षेत्र ७

१.७ अध्यनको सीमा ८

१.८ अध्ययनको संगठन ८

**अध्याय दुई**
**पूर्व साहित्यको समीक्षा**

२.१ सैद्‌धान्तिक अध्ययन ९

२.२ जिवन निर्वाहका सिद्‌धान्तहरु १६

२.३ नेपालमा महिलाको अवस्था र कमलरी २०

२.४ कमलरी हुनुको अवस्था २०

२.५ अनुभवजन्य समिक्षा २५

२.५ अवधारणागत ढाँचा २४

२.६ अनुसंन्धान गर्न बाँकी क्षेत्र ३१

**अध्याय तीन**

**अध्ययन विधि**

३.१ अध्ययन क्षेत्र छनोटको औचित्य ३३

३.२ अध्ययनको ढाँचा ३३

३.३ तथ्याङ्कको प्रकृति र स्रोत ३४

३.४ समग्रता र नमुना छनौट ३५

३.५ तथ्याङ्क संकलनका विधि र उपकरण ३५

३.५.१ प्रश्नावली ३५

३.५.२ अन्तर्वार्ता ३६

३.५.३ अवलोकन ३६

३.६ तथ्यांक विश्लेषण र प्रस्तुतिकरण ३७

३.७ तथ्याङ्कको विश्वसनियतता र वैधता ३७

३.८ अध्ययनको सीमा २९

**अध्याय- चार**

**तथ्याङ्कको प्रस्तुती तथा विश्लेषण**

४.१ अध्यनय क्षेत्रको परिचय ३८

४.१.१ उत्तरदाताको सामाजिक आर्थिक वस्तुस्थिति ३८

४.१.२ उत्तरदाताको सामाजिक संरचना ३९

४.१.३ उमेर आधारमा उत्तरदाताको विवरण ४०

४.१.४ जग्गा जमिनको विवरण ४१

४.१.५ प्रमुख आयस्रोत ४४

४.१.६ पशुपालन ४५

४.१.७ पारिवारिक संरचना ४६

४.२ मुक्त हुनु अघिको जिविकोपार्जनको अवस्था ४७

४.२.१ उत्तरदाताहरूको सामाजिक अवस्था ४९

४.२.२ उत्तरदाताको आर्थिक अवस्था ४९

४.२.३ कृषिमा निर्भरताको अवस्था ५०

४.२.४ पशुपालनमा निर्भरताको अवस्था ५२

४.२.५ उत्तरदाताको शिक्षाको अवस्था ५४

४.३ कमलरी प्रथा मुक्त भए पछि आएको परिवर्तन ५५

४.३.१ कमलरी महिलाहरुको घरायसी निर्णय प्रक्रियामा आएको परिवर्तन ५६

४.३.२ घरमा हुने विभिन्न काममा महिला पुरुष सहभागिता ५७

४.३.३ सरसफाईमा रहेको सहभागिता ५७

४.४ सामाजिक सांस्कृतिक निर्णयमा आएको परिवर्तन ५८

४.५ आर्थिक निर्णयमा आएको परिवर्तन ५९

**अध्याय पाँच**

**साराश तथा निष्कर्ष**

५.१ सारांश ६०

५.२ निष्कर्ष ६२

**सन्दर्भ सामग्री सूची**

**अनुसूची**

# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

थारु समुदाय भित्रमा रहेको कमलरी पर्था नेपालका कैलाली, कन्चनपुर लगायतका जिल्लाहरुमा प्रचलन रहेको यो पर्था कुनै समयम यसलाई पर्थाकै रुपमा स्वीकार गरिएको अवस्था थियो । पछि विस्तारै थारु समुदायमा आयको चेतनास्तर र  तत्कालिन नेपाल सरकाले चालेको हलिया, कमैया तथा कमलरी पर्थालाई हटाउने निर्णय गरे अनुसार यसलाई कानुनी रुपमा नै वन्देज गरिएको अवस्था छ । कमलरी भन्नासाथ थारु समुदायका महिलालाई कसैको घरमा काम गर्न राख्ने भन्ने अर्थमा बुझिन्छ । यस अध्ययनमा कमलरी मुक्त भएपनि उनीहरुको जिविको पार्जनमा के कस्तो परिवर्तन हुँदै आएको छ भन्ने विषयलााई अध्ययन गर्न खोजिएको छ ।

जीविकोपार्जन भन्नाले मानिसहरुले आफ्नो जीवन निर्वाह गर्नका लागि (गाँस, बास, कपास) अपनाउने विभिन्न पेशा भन्ने बुझिन्छ । जीविकोपार्जन गर्नका लागि मानिसले थुप्रै पेशा, व्यापार, व्यवसाय, उद्योग व्यापार गरेका हुन्छन् । जीविकोपार्जनले क्षमता तथा गीत, पूँजी (भौतिक र सामाजिक) र क्रियाकलापहरुको परिचालन बुझाउँदछ । जसबाट आय/आर्जन भई जीवनयापन गर्न आधार प्राप्त हुन्छ । मानिसले उसको वर्तमान तथा भविष्यमा आइपर्ने हायित्व तथा विपत्तिलाई बहन गर्न प्राकृतिक स्रोतको उचित र व्यवस्थित प्रयोग गर्न सक्नुपर्छ । तबसम्म जीविकोपार्जन सफल हुन्छ । जब हाम्रो आय आर्जनको क्षमता अभिबृद्धि गर्नका लागि विभिन्न साधन स्रोतहरु जस्तैः उर्जा, प्रविधि प्राकृतिक र आर्थिक स्रोतलाई हामीले उचित  रुपमा परिचालन तथा व्यवस्थापन गर्न सक्छौर (बराल, २०७५) ।

जिविकोपार्जन (Livelihood) मानवको दैनिक जीवन सञ्चालन गर्ने प्रमुख आधार हो । यसले प्रमाणित समायोजन र गतिशिल परिवर्तनलाई बुझाउँदछ । जीविकोपार्जन (Livelihood) मानवको बहुपक्षिय जीवनसँग सम्बन्धित हुन्छ । यसले व्यक्ति एवम् परिवारको आम्दानीसँग सामाजिक संस्थाहरु, प्रक्रियाहरु, सम्बन्धहरु, लैङ्गीक सम्बन्धहरु एवम् सम्पत्तिका कार्यहरु, शिक्षा, स्वास्थ्य, खानेपानी, बाटो, विजुली लगायत सम्पूर्ण सामाजिक सेवाका पक्षहरुलाई समेत निर्धारण गर्दछ । वास्तवमा विविधिकरण जीवनयापनको प्रमुख आधार हो जसले समाजका गरिबी, महामारी एवम् दैवी प्रकोपहरुको निराकणमा समेत सहयोग गर्दछ ।

नेपालको इतिहासमा कमलरी एउटा यस्तो प्रथा हो, जुन दासत्वको नजिक रहेको छ । यसले आधुनिककालीन नेपालमा कुनै जाति र भूगोल विशेषको गरिब परिवारमा जन्मिएका बालिकाहरूले भोग्नुपरेको लैङ्गिक दृष्टिले विभेदित खालको दासत्वको विशिष्ट अवस्थालाई बुझाउछ । कमलरीको अर्थ, परिभाषा र व्याख्याले यही कुरालाई बल दिएका छन् । कमलरीलाई कसैले ‘कमलह्री’ र कसैले ‘कम्लहरी’ भन्ने गरेको पाइन्छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र नामक संस्थाद्वारा प्रकाशित ‘कमलरी’ पुस्तिकामा भनिएको छ । “शाब्दिक अर्थ जे/जस्तो भए पनि हुने खाने कहाँ काम गर्न राखिएका थारु समुदायका किशोरी छोरीहरूलाई कमलरी शब्दले बोलाउने गरिन्छ । सामान्यतया ७-८ वर्षदेखि १६-१७ वर्षसम्मका किशोरीहरूलाई यसरी कमलरी राख्ने चलन रहेको पाइन्छ (चौधरी, २०७८) ।

नेपाल प्रज्ञा प्रतिष्ठानबाट प्रकासित हुने नेपाली बृहत् शब्दकोशमा ‘कमलरी’ का सम्बन्धमा उल्लेख छ “ज्याला बिनानै अरूका घरमा काम गर्न बसेकी केटी मान्छे ।” यसै शब्दकोशमा केटीलाई ठुलाबडाका घरमा नोकर बस्न पठाउने चलन भनेर पनि कमलरीको व्याख्या गरिएको छ । कमलरी प्रथालाई आधुनिक दासत्वको रूपमा व्याख्या

गरिएको पाइन्छ । 'मुक्त कमैया कम्लहरी, हलिया, हरवाचरवाको वस्तुस्थिति अध्ययन प्रतिवेदन, २०७८' मा नेपालमा कमलरी प्रथा सामन्तवादी प्रथाकै एउटा उदाहरणका रूपमा लिन सकिने उल्लेख छ । उता, दास प्रथाले मान्छेलाई पशु सरह किनबेच गरेर काममा लगाउने पुरानो सामन्ती प्रथालाई जनाउछ । दास प्रथामा दासले किनबेचका आधारमा आजीवन पराश्रयी भएर काममा जोतिने नोकर वा कमारोलाई जनाउँछ (घिमिरे, २०६७) ।

कमलरी राख्ने चलन पुरानो सामन्ती प्रथाभन्दा लैङ्गिक दृष्टिले भिन्न रहेको पाइन्छ । यसको व्यावहारिक पक्षलाई केलाउँदा यसमा लैङ्गिक विभेद पाइन्छ । यसको निर्णय प्रक्रियालाई हेर्दा घर।का बाबुआमा र समाजका साहुहरू संलग्न देखिन्छन् । बाबुआमाले हरेक वर्ष घरेलु बालश्रमको बजारमा आफ्ना छोरीहरूलाई मात्रै विभेदित बनाएर सौदाबाजी गरी साहुकोमा दास जस्तै भएर काम गर्न पठाउने रहेछन् भन्ने कुरा बुझ्न गाह्रो पर्दैन । 'कमलरी' पुस्तिकामा लेखिएको छ "माघीमा कमलरी राख्ने निर्णय हुन्छ । यतिबेला नै को साहूले कसकी छोरी कतिमा र कुन शर्तमा कमलरी राख्न लैजाने हो भन्ने कुराकानी शुरु हुन्छ । प्रायः दलालको मध्यस्थतामा र कहीँ कहीँ सिधै बाबुआमासँग कमलरी राख्न चाहनेले कुराकानी चलाउँछन् । अनि दुवै पक्ष राजी भएपछि निर्णय हुन्छ । यसरी गरिएको निर्णय एक वर्षसम्मका लागि लागू हुन्छ ।। बीचमा कमलरीले जतिसुकै पीडा, यातना खेप्नुपरे पनि उम्कन पाउन्नन् । बस्नै नसकिने अवस्था सिर्जना भए पनि अर्को माघी सम्म उनले पर्खनै पर्छ ।

'कमलरी' मा औँल्याइए अनुसार, गरिब परिवारले मात्रै छोरीलाई कमलरी पठाउँथे भन्ने होइन । खान पुग्ने थारू परिवारका बाबुआमाले पनि आफ्ना छोरीलाई देखासिकीका आधारमा कमलरी बस्न पठाउने गरेको, यसरी छोरी पठाउनुलाई उनीहरूले परम्परा निर्वाह गरेको ठान्ने गरेको र त्यसैले सौदावाजी गरी छोरीलाई अर्काको घरमा काम गर्न

पठाएकोमा अधिकांशमा कुनै गुनासो समेत नपाइने गरेको अवस्था छ । यद्यपि यसलाई गरिबीसँग जोडिएको छ र आदिवासी थारू समुदायसँग पर्याप्त जमिन नहुनु वा हुँदै नहुनुलाई कमलरीहरू बढ्नुको प्रमुख कारण मानिएको छ (आचार्य, २०७८) ।

वि.सं. २०५२ फागुनमा नेपाल कम्युनिष्ट पाटी (माओवादी) ले सशस्त्र सङ्घर्ष प्रारम्भ गरेपछि जमिनदारहरू गाउँबाट सहरतर्फ लखटिए । त्यसैताका गाउँमा कमैया तथा कमलरीहरूले मुक्तिको आवाज बुलन्द गर्न थाले । अन्ततः २०५७ साल साउन २ गते सरकारले कमैया प्रथामा बन्देज लगाउँदै कमैया मुक्तिको घोषणा गर्यो । वि.सं. २०५८ सालमा 'कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८' जारी भयो । कमैया मुक्तिको घोषणा कमैया प्रथामा बन्देज र कमैया (श्रम निषेध) सम्बन्धी ऐन लागु भएसँगै कमलरीहरू पनि मुक्त भएको विश्वास गरियो । सो ऐनमा कमलरीलाई पनि कमैया श्रमिकमा लिइएको छ । तर, सरकारको मुक्ति घोषणाले कमैया परिवारमध्ये कतिलाई छुनै सकेन । उनीहरूको उचित सम्बोधन नै भएन । मुक्त भएका भनिएका कमैयाहरूको पनि उचित व्यवस्थापन हुन सकेन । कमैयाका छोरीहरू फेरि पनि कमलरी नै रहन बाध्य भए । समय क्रममा कमलरीहरू क्रमशः सचेत हुँदै गए । आफूहरूलाई प्रजातन्त्रमा पनि परिवारदेखि राज्यसम्मको लिङ्गभेदी मूल्य, नीति र व्यवहार गरी अनपढ बनाएर दासमय जीवनमा फसाइएको पनि बुझे । त्यसपछि कमलरीहरूले आफ्नो मुक्तिका लागि अभियान नै सुरु गरे । मालिकको महलबाट सडकमा निस्किएर आन्दोलन जारी पनि राखे (आचार्य, २०७०) ।

वि.सं. २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरियो । यसबाट कमैयाहरू त मुक्त भए तर कमलरीहरूको बारेमा खासै ध्यान दिइएन । त्यतिबेला कमलरीहरूको पनि उचित सम्बोधन हुनुपर्छ भनेर विचार पुर्या एको पनि देखिएन । फलतः कमैया मुक्तिको

घोषणा सकारात्मक हुँदाहुँदै पनि यो कदम कमलरीहरूका लागि प्रत्युत्पादक हुन पुग्यो । मुक्त कमैयाहरूको पुनःस्थापनामा आवश्यक ध्यान नदिइएकाले कमलरीहरूको सख्यामा वृद्धि भएको हो भन्ने बुझाइ पनि छ । कमलरीको संख्या बढ्नाको भित्री कारणमा लैङ्गिक विभेद पनि जोडिएको छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्रको विश्लेषण छ की खान र लाउन सधैँ अभाव झेलिरहन बाध्य मुक्त कमैयाहरू छोरी पठाएपछि एउटा बोझ पन्छेको अनुभव गर्छन् । आफूसँग पर्याप्त जमिन नभएकाले छोराछोरीलाई प्रर्याप्त लाउन खान दिन पनि नसकेको अवस्थामा यसरी छोरी पन्छाउन सक्नुलाई खुसीको क्षण मान्नु उनीहरूको दयनीय अवस्था हेर्दा स्वाभाविकै लाग्छ । यद्यपि कमैया मुक्त भएपनि कमलरीको अवस्था भने उस्तै थियो । यसै पृष्ठभूमिमा आधारित रहेर यो अध्ययन टिकापुर नगरपालिका वडा नं. १ कैलालीका मुक्त कमलरीहरुको जीविको पार्जनमा आएको परिवर्तनलाई नजिकबाट व्याख्या, विश्लेषण गर्ने प्रयास गरिएको छ ।

## १.२ समस्याको कथन

कमलरी प्रथा तराईका जिल्लाहरु विशेषगरी दाङ, बर्दिया, कैलाली र कञ्चनपुरमा बढी पाइन्छ । जुन जिल्लाहरुमा कमैया, कमलरी प्रथा रहेको थियो । तराईमा रहेको कमैया प्रथाको बारेमा अध्ययन अनुसन्धान भएका छन् (बराल, २०७५) । तर कमलरीहरुको जिविको पार्जनमा आएको परिर्वनको विषयमा अहिले सम्म खासै अध्ययन अनुसन्धान भएको पाइदैन । थारु महिलाहरुको घरको कामका साथै जमिन्दारको घरको काम गर्नुपर्ने भएको र विहे पछाडि अर्काको घरमा जाने हुँदा छोरीको भविष्य प्रति खासै चासो पाएको पाइदैन । थारू समुदायभित्र पढ्न पाएकाहरूले आफ्नो जमिन जोगाएको तर बाँकीले जमिन जोगाउन नसकेको सर्वहारा वर्गको अर्थ बुझाइछ । यसरी जमिन जोगाउन नसकेकाहरू बाँच्नका लागि जमिनदारप्रति समर्पित भए । जमिनदारले आफ्नो जमिनमा

झुप्रो बनाएर बसे बापत थारूहरू जमिनदारको कमैया बने । कमैयाको श्रीमती चाहिँ 'बुक्रही' बन्न पुगे । बुक्रहीले विशेष वा गाह्रो काम परेको बेला मालिकको घरमा काम गर्नुपथ्र्यो । कमैयाले श्रीमती सहित कमैया बसेको घरमा साहुबाट धान, गहुँ अलिक बढी पाउँथे । कमलरी र बुक्रही फरक हुन् । कामको प्रकृति पनि कमलरी र बुक्रहीको फरक हुन्थ्यो । कमलरीले घरको जस्तोसुकै काम पनि गर्नुपथ्यो भने बुक्रहीले धान, गहुँ केलाउने, घरमा सरसफाइ तथा लिपपोत गर्ने, भाँडा माझ्ने आदि गर्थे । कमैयालाई काम गरेबापत धान, गहुँ र तोरी दिने सम्झौता पनि हुन्थ्यो तर कमैयाँको परिवार (श्रीमती र छोराछोरी) लाई खाना र बास मात्रै हुन्थ्यो । कमलरी प्रथा कहिले र कहाँबाट सुरु भयो भन्नेबारे यकिन अभिलेख तथा जानकारी पाइँदैन । 'न्यु एरा' नामक गैरसरकारी, गैरनाफा मूलक अनुसन्धान संस्थाले 'नेपाल युथ फाउन्डेसन' नामक संस्थाका लागि सन् २०१९ मा तयार पारेको एक अध्ययन प्रतिवेदनमा “यो नेपालको पश्चिमी तराई जिल्लाहरूमा प्रचलित शताब्दीयौँ पुरानो प्रथा थियो, जसलाई सामान्यतया कमलरी प्रणाली भनिन्छ । दासत्वमा परेका थारु केटीहरूलाई कमलरी भनिन्थ्यो” भनी उल्लेख गरिएको छ । कमलरी प्रथा थालनीको यकिन मिति भन्न नसकिए पनि अहिले आठ दशकअघि देखिको घटना सुनाउनेहरू भने समाजमा भेटिन्छन् (चौधरी, २०७८) ।

थारु महिलाहरु अर्काको घरमा कमलरीको रुपमा काम गर्न जाने प्रथा थियो त्यो प्रथा अन्य जातिको महिलामा नपाईने हुँदा र कमलरी मुक्त भएपछि उनीहरुको जिविको पार्जनको बारेमा अध्ययन हुन सकेको छैन् । उनीहरु मुक्त भएपछिको के कस्ता पेशा व्यवसाय गरेर बसेका छन्, राज्यले उचित सहयोग गरेको छ की छैन् आदि विषयमा अहिले सम्म कुनै खोजपूण अध्ययन हुन नसकोको कारणले गर्दा कमलरी महिलाहरुको जिविको पार्जनमा आएको परिवर्तनको बारेमा अध्ययन हुन आवश्यक छ । यस्ता

किसिमका अध्ययन अनुसन्धानले यस विषयको महत्वलाई अझ फराकिलो बनाउने मात्र नभई वास्तविमा  कमलरीको वर्तमान अवस्थाको यथार्थ चित्रणले पनि यस विषयमा थप कानुनी व्यवस्था  गर्न पनि राज्यलाई नैतिक दबाब सिर्जना हुन सहयोग पुग्ने भएकोले पनि यस प्रकारको अध्ययनको आवश्यकता महशुस हुन गएको हो ।

**१.३ अनुसन्धानका प्रश्नहरु**

यस अध्ययनको लागि निम्न अनुसन्धानका प्रश्नहरु निर्धारण गरिएको छ ।

क) मुक्त हुनु अघि कमलरीको विगतमा के कस्तो जिविकोपार्जनको अवस्था थियो रु

ख) मुक्त भएपछि उनीहरुको जिविकोपार्जनको वर्तमान अवस्था कस्तो छ रु

**१.४ अध्ययनको उद्देश्य**

यस अध्ययनको लागि निम्न उद्देश्यहरु निर्धारण गरिएको छ ।

क) मुक्त हुनु अघि कमलरीको विगतको जिविको पाजर्ननको अवस्थाको अध्ययन गर्नु

ख) मुक्त भएपछि उनीहरुको जिविको पार्जनको अवस्थाको जानकारी लिनु

**१.५ अध्ययनको महत्व**

यस अध्ययनले यस विषयमा थप जिज्ञासा राख्नेहरुलाई र यस विषय थप अध्ययन गर्न चाहनेहरुको लागि केही न केही मार्ग दर्शन गर्ने विश्वास लिइएको छ । यसैगरी यस अध्ययनले कमलरी प्रथाको बारेमा विगत र वर्तमानमा आएको परिवर्तनको बारेमा चर्चा गर्न गरिएको  हुनाले नेपाल सरकार तथा सम्बन्धीत सरोकारवालाहरुलाई पनि केही न केही मात्रामा भएपनि मार्ग दर्शन गर्ने विश्वास गर्न सकिन्छ ।

**१.६ अध्ययनको क्षेत्र**

कुनै पनि अध्ययन तथा अनुसन्धानको लागि निश्चित क्षेत्रको आवश्यकता पर्दछ । अध्ययन क्षेत्र विनाको अध्ययनको सान्दर्भिकता रहदैन । अतः यस अध्ययनको लागि

सुदुरपश्चिम प्रदेशमा पर्ने कैलाली जिल्लाको टिकापुर न.पा. वडा नं. १ शक्तिनगरमा रहेका २०० मुक्त कमलरीहरुमा यो अध्ययन केन्द्रित रहेको छ । यस अध्ययनको लागि वर्णनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । यसका लागि उद्‌देश्यात्मक छनौट विधिको आधारमा २०० मुक्त कमलरी घर परिवार मध्ये जम्मा ३० जनालाई नमुनाको रुपमा लिई उनीहरुलाई प्रश्नावली भर्न लगाई उनीहरुले नै दिएको उत्तरको आधारमा यस अध्ययनको निष्कर्ष सम्म पुगिएको छ ।

## १.७ अध्यनयको सीमा

यस अध्यनयको लागि टिकापुर न.पा.वडा नंं. १, शक्तिनगर कैलालीका जम्मा २०० घर धुरी नै यस अध्ययनको सीमा हो । साथै यो अध्ययनको लागि त्रिभुवन विश्वविद्‌यालयको तोकिएको ढाँचामा रहेर तोकिएको समयम सीामा भित्र रहेर सम्पन्न गर्नुपर्ने भएकोले र अध्ययन कर्ता विद्‌यार्थी भएको कारणले सीमित स्रोत र साधनको प्रयोग गरी अध्ययन गर्नु पर्ने भएकोले यसको केही सिमाहरु रहन गएका छन् ।

## १.८ अध्ययनको संगठन

यो अध्ययनलाई जम्मा पाँच अध्यायमा सम्पन्न गरिएको छ । अध्याय एकमा अध्ययनको परिचय रहेको छ । जसमा अध्ययनको पृष्टभूमि, समस्याको कथन, अध्ययनको उद्‌देश्य, अध्ययनको महत्व, अध्ययनको सीमा र अध्ययनको संगठन रहेको छ । यसैगरी अध्याय दुईमा सन्दर्भ साहित्यको समिक्षा रहेको छ । अध्याय तीनमा अध्ययन विधिको बारेमा चर्चा गरिएको छ । अध्याय चारमा तथ्याङ्क प्ररस्तुती तथा विश्लेषण र अध्याय पाँचमा सारांश तथा निष्कर्षलाई उल्लेख गरी सम्पूर्ण अध्ययनलाई पूर्णता प्रदान गरिएको छ ।

# अध्याय दुई

## सन्दर्भ साहित्यको समिक्षा

यस अध्यायमा सम्बन्धीत विषयमा गरिएको विभिन्न खोज तथा अध्ययनबाट प्राप्त तथ्य एवं सूचनाहरुलाई सिलसिलेवार रुपमा प्रस्तुत गरिएकोछ । कुनै पनि विषयमा गरिएको खोज तथा अध्ययनले त्यस विषयको विभिन्न पक्षहरुको बारेमा जानकारी प्राप्त गर्न सहज हुनुका साथै नयाँ गरिने अध्ययन अनुसन्धानको लागि पनि सन्दर्भ साहित्यको समिक्षाले महत्वपूर्ण  मार्गदर्शन गर्न सहयोग पुऱ्याउँछ ।

**२. सैद्धान्तिक अध्ययन**

**२.१ जिविको पार्जनको अवधारणा**

सामान्य अर्थमा जिविको पार्जन भन्नाले कुनै पनि पेशा व्यवसाय जसको माध्यमले कुनै व्यक्ति वा समुदायको दैनिकी चलेको हुन्छ । हरेक मानिसको दैनिक क्रियाकलापहरु संचालन गर्न कुनै न कुनै किसिमको पेशा व्यवसाय अपनाउनु पर्ने हुन्छ । जसको माध्यमले मानिसले आफ्नो दैनिकी संचालन गर्न सहज हुन्छ । प्रसिद्ध समाजशास्त्री तथा राजनीतिज्ञ कार्लमाक्र्सको शब्दमा जिविको पार्जन मार्फत नै व्यक्तिको आर्थिक क्रियाकलापले  दिशाबोध निर्देश गर्दछ (बराल, २०७५) ।

**२.२ जिवन निर्वाहका सिद्धान्तहरु**

**२.२.१ निर्वाह मुखि सिद्धान्त**

यस सिद्धान्तका प्रतिपादक म्याकिभर (Maciver,1931) हुन जसले यस सिद्धान्तलाई सन् १९३० को दशकमा प्रतिपादन गरेका थिए । उनको सिद्धान्त अनुसार जिवन निर्वाह वा जिविको पाजर्नको अवधारणाको यी विभिन्न व्याख्याहरू र विस्तारहरू

छन्, जसमा एक वा अर्को, धेरै विकास एजेन्सीहरूलाई आवेदन दिन प्रेरित गर्यो जुन अहिले गरिबी न्यूनीकरणको लागि मुख्य दृष्टिकोणको रूपमा चिनिन्छ । यो परम्परागतसँग नकारात्मक अनुभवहरूको प्रतिक्रियामा देखा पऱ्यो गरिबी न्यूनीकरणको दृष्टिकोण, तर हालैका खोजहरूको परिणामको रूपमा गरिबीको प्रकृति र बुझाइको बारेमा फरक धारणा व्यक्त गरेका छन् । की दृष्टिकोण किन लागू गरिएको छ भनेर तीनवटा कारकहरूले प्रकाश पार्छन् गरिबी न्यूनीकरण । पहिलो भनेको आर्थिक वृद्धि हुँदाको अनुभूति हो गरिबी न्यूनीकरणको लागि आवश्यक हुन सक्छ, त्यहाँ कुनै स्वचालित सम्बन्ध छैन यी दुईको बीचमा किनकी यो सबै गरिबको क्षमतामा भर पर्छ आर्थिक अवसरहरु को विस्तार को लाभ। तसर्थ, यो महत्त्वपूर्ण छ गरिबहरूलाई कुन कुराबाट रोक्छ वा बाधा पुऱ्याउँछ भनेर पत्ता लगाउनु पर्ने हुन्छ । दिइएको अवस्थामा आफ्नो धेरै सुधार, ताकि समर्थन गतिविधिहरु हुन सक्छ अनुसार डिजाइन गरिएको छ (Broke, 1999) ।

जिविको पार्जनको दृष्टिकोणले मानिसहरूले अक्सर गर्ने गतिविधिहरूको विविधता देखाउँछ । संयोजनमा, जीविकोपार्जन गर्न र धेरै लेखकहरूले औंल्याए जस्तै, यो हो विशेष गरी गरिबहरूको मामलामा महत्वपूर्ण, जो प्रायः धेरैमा भर पर्छन् आफ्नो जीविकोपार्जनका लागि विभिन्न प्रकारका आर्थिक गतिविधिहरू, र जहाँ यो छैन कुनै पनि गतिविधि तर घरायसी अर्थतन्त्रको लागि तिनीहरूको संयुक्त प्रभाव मामिलाहरू (चेम्बर्स, १९९५ हुसेन र नेल्सन, १९९८) । क्षेत्रीय दृष्टिकोण जसले आर्थिक गतिविधिको कुन क्षेत्रमा मानिसले गर्नुपर्छ भन्ने पूर्व-निर्धारित गर्ने प्रवृत्ति हुन्छ, उदाहरणका लागि कृषि वा मत्स्य पालन, केवल एक पक्षमा नेतृत्व गर्न सक्छ मानिसहरूको जीविकोपार्जनलाई सम्बोधन गरिँदै छ, र त्यो पक्ष आवश्यक छैन गरिबहरूका लागि सबैभन्दा सान्दर्भिक । एउटा उदाहरण उड़ीसाको वाटरशेड परियोजना हो जसमा उद्धृत गरिएको छ, जहाँ गरिबहरूले भूमि-

आधारितबाट थोरै फाइदा लिन खडा भएका छन् तिनीहरूसँग कुनै जग्गा नभएको कारणले समर्थन गतिविधिहरू तर तिनीहरूको जीवनयापनको लागि मुख्य रूपमा श्रम आप्रवासनमा निर्भर थिए (Ashley, 1999) ।

मानिसहरूले प्रयोग गर्ने सम्पत्तिहरूको बहुलतामा ध्यान आकर्षित गरेर तिनीहरूको जीविकोपार्जन निर्माण गर्दा, क्ी दृष्टिकोणले थप उत्पादन गर्छ । कुन स्रोतहरू, वा स्रोतहरूको संयोजन महत्त्वपूर्ण छन् भन्ने बारे समग्र दृष्टिकोण गरिबहरूलाई, भौतिक र प्राकृतिक स्रोतहरू मात्र होइन, तिनीहरूको पनि सामाजिक र मानव पुँजी । यो भर्खरैको निष्कर्षसँग मिल्दोजुल्दो छ। सहभागितामूलक गरिबी मूल्याङ्कन जसले गरिबी अझ धेरै छ भन्ने देखाउँछ । केवल कम आय वा अपर्याप्त खाद्य उत्पादन भन्दा जटिल घटना (हल्याण्ड र ब्ल्याकबर्न, १९९५) ।

ख) जिवन निर्वाहको रणनीति

जिवन निर्वाहको रणनीति आफैमा विशिष्ट प्रकारको नभएर सामान्य खालको हुन्छ । कुनै पनि व्यक्तिले जिवनलाई सुन्दर र अझ सुखमय बनाउन खोज्नु आम व्यक्तिको चाहना हुनु स्वभाविकै हो तर यसमा कतिपय व्यक्तिले जिवनलाई जे छ ठिकै छ भन्ने धारणामा अगाडि वढेका हुन्छन् भने कतिपय व्यक्तिले जिवनलाई गतिशिल र प्रगति पथमा लैजादै निरन्तर परिर्वतनलाई आत्मसाथ गरिरहेका हुन्छन् र विशेष रणनीतिकमा सफल पनि भएका हुन्छ । जीवन आफैमा रणनीतिको खेल हो भन्नेहरु पनि जीवन निर्वाहकै अवस्थामा गुज्रिरहेको पाउन सकिन्छ । जीवनलाई हरेक कुराको अनुभव संगाल्ने बाटो हो भनेर बुझ्नेहरुले पनि जीवनको महत्वपूर्ण समयलाई सामान्य गतिविधिमै आफूलाई सक्रिय तुल्याइरहेका हुन्छन् । यस दृष्टिकोणको अर्को महत्वूर्ण पक्ष यो हो कि यसले सुविधा दिन्छ । विविधतामा ध्यान केन्द्रित गरेर गरिबीको आधारभूत कारणहरूको

बुझाइ आदि विविध पक्षहरु हुन सक्छन् । कारकहरूको, विभिन्न स्तरहरूमा, जसले प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा निर्धारण गर्दछ वा विभिन्न प्रकारका स्रोतहरू/सम्पत्तिहरूमा गरिब मानिसहरूको पहुँचलाई सीमित गर्नुपर्ने हुन्छ, र यसरी उनीहरूको जीविकोपार्जनका फरक फरक आयम हुने गर्दछन् । यस्ता बाधाहरू औपचारिक र अनौपचारिकबाट उत्पन्न हुन सक्छन् (Livelihood of Strategies) ।

स्थानीय स्तरमा संस्थागत र सामाजिक कारकहरू, वा तिनीहरू परिणाम हुन सक्छन् । मा ओभरराइडिंग नीतिहरू, आर्थिक प्रक्रियाहरू, र विधायिका ढाँचाहरू सुक्ष्म स्तरमा देखा पर्दछन् । एक 'माइक्रो-म्याक्रो' परिप्रेक्ष्य यसरी दृष्टिकोण र यसमा निर्मित छ । यसरी थप रणनीतिक हस्तक्षेपहरूको नेतृत्व गर्न सम्भव छ । मानिसहरूले आफ्नो जीविकोपार्जनको विकास गर्ने तरिकामा ध्यान केन्द्रित गरेर रणनीतिहरू (प्रतिनिधि र अनुकूलन रणनीतिहरू) मा निश्चित परिणामहरू प्राप्त गर्न एक विशेष असुरक्षा सन्दर्भ को प्रतिक्रिया, की दृष्टिकोणले यसलाई बनाउँछ । गरिबमध्ये गरिब पनि कसरी सक्रिय निर्णयकर्ताहरू छन् भनेर हेर्न सम्भव छ, निष्क्रिय पीडित होइन, आफ्नो जीविकोपार्जनलाई आकार दिन सक्छन् । यसका लागि महत्वपूर्ण छ । गरिबहरूको बदलामा निर्माण गर्ने समर्थन गतिविधिहरू डिजाइन गर्दै जानुपर्ने हुन्छ । साथै, यो जीविकोपार्जनमा थप गतिशील परिप्रेक्ष्यको लागि अनुमति दिन्छ, किनकि मानिसहरूको शक्तिहरू समयसँगै परिवर्तन हुन सक्छन् किनभने तिनीहरूको रणनीतिहरू प्रतिक्रियामा परिवर्तन हुन्छन् व्यक्तिगत वा बाह्य परिस्थितिहरू फरक हुन सक्छन् यस दृष्टिकोणले बीचको सम्बन्धको समझलाई सुविधा दिन्छ । मानिसहरूको जीविकोपार्जन रणनीतिहरू, तिनीहरूको सम्पत्ति स्थिति, र तिनीहरूको प्रयोग गर्ने तरिका उपलब्ध प्राकृतिक स्रोतहरू, र त्यसैले यसको

लागि उपयोगी दृष्टिकोण हो दिगो प्रवर्दधनका लागि समस्या र दायरा दुवै बुझ्दै स्थानीय स्तरमा विकासका पदचापहरु पच्छाउँदै जानुपर्ने हुन्छ (Turton, 2000) ।

ख) जिविकोपार्जनको सैद्धान्तिक पक्ष

सृष्टिको प्रारम्भमा आजको जस्तो मानिसका पेशा व्यवसायहरु यसरी विशिष्टीकृत भएको पाइदैन । प्रारम्भिक अवस्थामा मानिसहरुले शिकार गरी दैनिकी चलाउँदै आएका थिए । पछि मानिसको आवश्यकता तथा चाहानामा बृद्धि हुँदै जादाँ उनीहरुको पेशा व्यवसायमा पनि परिवर्तन हुँदै आएको पाइन्छ । यसरी मानिसले आफ्नो दैनिकी संचालन गर्न तथा आफ्ना आवश्यकता पूरा गर्नको लागि गरिने आर्थिक क्रियाकलापसँग सम्बन्धित व्यवहार नै जिविको पार्जन हो । जिविको पाजर्ननलाई कार्लमाक्र्सको वर्ग सघर्षको सिद्धान्तसँग सम्बन्ध जोडेर हेर्न सकिन्छ । जसरी समाज रहेका हरेक मानिसले आफ्नो आर्थिक क्रियाकलाप गर्नु आवश्यक छ । यसैक्रममा जसले जति धेरै आर्थिक संकलन गर्दछ र त्यसै अनुसार आफूलाई समाजमा अरु भन्दा फरक ठान्छ र उसको अर्थ अर्थात साधन केन्द्रत हुँदै जान्छ । यसरी कुनै पनि समाजमा रहेका अर्को वर्ग जसले आफूलाई तुलनात्मक रुपमा आर्थिक दृष्टिकोणले सक्रियता देखाउन सक्दैन यसैबाट हुने र नहुने वर्गको विभाज शुरु हुन्छ (आचार्य, २०६९) ।

ग) आधूनिकीकरणको शिद्धान्त

सन् १९५० को दशकमा आएर आधुनिकिकरणको सिद्धान्त देखा पर्‍यो । यस शिद्धान्तले आर्थिक बृद्धि पूजीकरण र प्रविधि विकास जस्ता विभिन्न पक्षलाई जोड दियो । विकसित राष्टहरूले उत्पादन गरेको प्रविधि र सेवाहरू अल्पविकसित र अविकसित राष्टहरूले संचालन गर्नूपर्ने कुराहरूमा जोड दिईयो । पूजीवादी राष्ट्रहरूले आफ्ना प्रविधिहरू र लगानी तेस्रो विश्वका मुलुकहरूमा भित्राउने, गरिवीको मात्रा घटनुको सट्टा थप समाजमा

असमानताको दूरि देखा पर्यो । अल्पविकसित राष्टहरूमा सामाजिक विचलनका दूरि अरू बढी देखा परे । इमानूयल वालस्टाइन, फ्रेङ्क, वारेन जस्ता विद्धानहरूले तेस्रो मुलुकको आर्थिक, राजनीतिक र समाजिक पक्षको व्यापक अध्ययन गरे । पूजीवादी राष्टहरूले तेस्रो विश्वबाट थूप्रै फाइदाहरू लिए । अल्पविकसित राष्ट्रलाई कसरी विकसित गराउन सकिन्छ भन्ने कुराहरूलाई जोडदिदे क्रममा नवमाक्र्सवादी विद्धानहरूले परनिर्भरताको शिद्धान्त प्रतिपादन गरे । १९७० को दशकको प्रारम्भमा उदय भई चर्चाको शिखमा पूगेको यस शिद्धान्तले अल्पविकसित मुलुक वा तेस्रो विश्वका अधिकांश मुलुकहरूको विकास नहुनुमा पूजीवादी साम्राज्यवादी राष्ट्रहरूले शुरूमा औपनिबेश (भौगोलक वा राजनीतिक), औद्यौगिक पुँजीवादी हुँदै प्रविधिकरण युगमा प्रवेश गरेको अवस्था छ । नव औपनिवेशको संजालले गरिब मुलुकहरूलाई फाईदा भन्दा परनिर्भरता र आशामूखि बनाएको छ भन्ने तथ्य लेखकले नेपाल संकटमा पर्नुको कारण भन्ने लेखमा औल्याएका छन् । जसलाई एउटा अर्थमा मात्र हेर्न मिल्दैन । कहिले काही परनिर्भरताको कुरालाई सकारात्मक रूपमा पनि हेर्नु पर्ने हुन्छ । जस्तो कि यो समाजमा आधूनिकताको नाउमा बाटो निर्माण हूनू, खोला, नदि र कुलेसाहरूमा पुल निर्माण हुनुले समाजमा विकासको अवस्थामा परिवर्तन आएको छ । जुन कुराको विकाससंग संगै समूदायमा बस्ने महिलाको जिविको पाजर्ननको अवस्था साथै उनीहरुमा उद्यमशिलताको भावनाको कारण परनिर्भरताबाट छूटकारा पनि पाएको छ (जोशी, २०६७) ।

आधूनिकीकरण सामाजिक प्रक्रियाको एउटा प्रक्रिया हो । अर्को शब्दमा भन्दा यो त्यस्तो प्रक्रिया हो जसद्धारा आधुनिक वैज्ञानिक ज्ञानको समाजमा प्रचार हुन्छ, जसले समाजमा व्यक्तिहरूको स्तरमा सुधार ल्याउछ र समाज प्रगतितिर अगाडि बढ्दछ । यसरी हेर्दा आधुनिकीकरण प्रक्रियाले राष्ट्रहरूलाई परम्परागत समाजबाट आधुनिक

समाजमा पुग्न महत्वपूर्ण योगदान पुगेको देखिन्छ । बास्तवमा आधुनिकीकरणको परम्परागत मुल्य मान्यता, परम्परा र अन्य विविध पक्षहरूमा वैज्ञानिक मान्यताको आधारमा परिस्कृत र परिवर्तन गर्दै लैजान्छ । साथै यो प्रक्रियाले आर्थिक क्रियाकलाप र प्रविधिको क्षेत्रमा नयांपन ल्याइदिन्छ । यस शिद्धान्तका मान्यताह्रहरूमा आधुनिकताले गर्दा परम्परागत रूढीवादी समाजका सामाजिक मुल्य, मान्यता, भेषभुषा, चालचलन आदिलाई आधुनिक मुल्य मान्यता, परम्परा, भेषभुषा, चालचलनमा रूपान्तरित गर्ने काम गर्नुका साथै सबै क्षेत्रमा वैज्ञानिकता देखिदै जान्छ । उदाहरणका लागि आधुनिकीकरण प्रक्रियाले गर्दा राष्ट्रहरूले यो मान्यतामा ग्रहण वा अवलम्बन गरेका हुन्छन् वा पुजी, प्रविधि शीपयुक्त वा तालिम प्राप्त जनशक्ति प्रदान गरेर परम्परागत समाजलाई विकसित वा आधुनिक समाजमा परिवर्तन गर्न सकिन्छ । आधुनिकता र विकास एक अर्कासंग अन्तरसम्बन्धित रहेका छन् । जुन समाजमा आधुनिकीकरण विशेषताहरू भेटिन्छन् ती समाजमा विकासको स्तर माथि देखिएको प्रमाणित भईसकेको छ । यस्तै मान्यतालाई स्वीकार्दै कम विकसित समाज आधुनिकीकरण प्रक्रियामा समावेस भएको देखिन्छ । जसको कारणले समाजका महिलामा निर्णय प्रक्रियामा, आर्थिक क्रियाकलाप हुँदै उनीहरुको जिविको पार्जनमा समेत परिवर्तन भएको देखिन्छ (पौडेल, २०७५) ।

यसरी परम्परागत सिद्धान्तले भनेझै समाजमा दुई वर्ग हुने र सम्पन्न वर्गले आफूभन्दा कमजोर वर्गलाई दबाउने प्रचलनकै विस्तारित रूपमा महिलाहरू पुरूषबाट हेपिएको वा दबाइएको वर्गमा पर्दछ । यसै सन्दर्भमा यस अध्ययनमा निर्णय क्षमताका महिलाको अवस्थाको विश्लेषण गर्ने प्रयास स्वरूप यो अध्ययनमा पनि विगतको अवस्थालाई वर्तमान सम्म तुलनात्मक रूपमा समिक्षा गर्दा धैरै अवस्थामा महिलाको

स्थितिमा परिवर्तन आएको पाउन सकिन्छ । विशेषगरि शिक्षाले यस्तो क्षमताको विकास गराउदै गएको यस अध्ययनबाट जानकारी हुन आयो (बराल, २०७५) ।

**२.३ नेपालमा महिलाको अवस्था र कमलरी**

नेपाली समाजमा के सोचिन्छ भने महिलाले घर बाहिर अर्थात बाह्य संसारमा काम गर्न पाउँदैनन् । समाजमा उनीहरुले आर्जन गरेको सीप पनि विर्सदै जान्छन् । यहाँ शिक्षालाई यदि महिला शिक्षित भयो भने उसले बढि पढे लेखेको केटा पाउँछ वा उसको विवाह राम्रो घरमा हुन्छ भनिएको छ । महिलाहरुले कृषि आर्थिक क्रियाकलाप गरी अर्थोपार्जन गर्नुको बदला पैसा र समय खर्च गरेर अनुपयोगी कार्य गर्नु बेकारको कुरा मान्दछन् (जोशी, २०६७)"

मीना आचार्य र लेन वेनेटले नेपालमा गरेको एक अध्ययन अनुसार छोरालाई भन्दा छोरीलाई कम पढाउने रुची देखिनुको दुईवटा स्पष्ट कारण छन् - "९क) थोरैले मात्र छोरीलाई स्कुलमा पठाएको (ख) यद्यपी छोरीलाई स्कुल पठाउनेहरुमध्ये पनि धैरै कमले छोरालाई जस्तै छोरीलाई शिक्षित बनाउन चाहन्थे (आचार्य, २०६९) । "

वास्तविक रुपमा पनि अपपादलाई छाडेर शिक्षित परिवारमा पनि महिलालाई शिक्षित परिवारमा पनि महिलालाई शिक्षित र सुसम्पन्न केटा पाउनको लागि मात्र हो भन्ने उद्देश्यले छोरीहरुलाई पढाइन्छ भने अशिक्षित एवं गरिब परिवारमा त छोरीहरुलाई पढाउनको सट्टा साथै उमेरदेखि नै घरेलु वा अन्य कामतिर लगाईन्छ । महिला दमन र शोषणको प्रमुख कारण पनि वैवाहिक स्थिति हुन सक्छ । महिलाहरुको लागि वैवाहिक स्थितिले धैरै महत्वपूर्ण प्रभाव पार्दछ  किनकी यसबाट एउटी महिलालाई छोरीबाट बुहारीमा परिवर्तन गराउँछ । हिन्दु धर्मले यी दुई अवस्थालाई फरक फरक ढंगल व्याख्या गर्छ (घिमिरे, २०६७) ।

हाम्रो देशको अर्थतन्त्रमा विशेष गरी महिलाहरुको सहभागिता र योगदान महत्वपूर्ण छ । धेरैजसो परिस्थितिमा घर परिवार नै उत्पादन एकाई हो । ग्रामिण तहमा उत्पादनको ८० प्रतिशत घर परिवारबाटै हुन्छ । त्यहाँ २० प्रतिशत मात्र बजार तथा अन्यत्रबाट घर परिवारको उपयोगका लागि ल्याइन्छ । महिला र पुरुषहरु कृषि कार्यमा बराबर नै समय लगाउँछन् । त्यसबाहेक मसिना कामहरु महिलाले नै बढि गर्दछन् र बालबच्चाको हेरचाह पनि गर्दछन् । महिलाले पुुरुषले भन्दा जति नै बढि परिश्रम गरे पनि उनीहरु पुरुषभन्दा गरीब नै हुन्छन् । किनकी उनीहरुको श्रमको कुनै निश्चित मुल्य राखिएको हुँदैन । प्रायतः उनीहरुलाई विना ज्यालाको श्रमिकको रुपमा लिइन्छ । अझ घरेलु काममा अल्झने महिलाको त कुनै पारिश्रमिक नै हुँदैन । हाम्रो जस्तो हिन्दु राष्ट्रमा महिलाले पनि आ-आफ्नो घर परिवारमा आर्थिक व्यवस्था सुधार्न, खेतिपाती तथा घर गृहस्थीको कार्यमा सघाउ पु¥याउन पुरुष सरह नै र कुनै कुनै अवस्थामा त्यो भन्दा पनि बढि काम गरेता पनि आर्थिक सम्पत्तिको अधिकार भने हुँदैन । महिलाहरुको सामाजिक तथा आर्थिक विकासमा छिटो विवाहल पनि महत्वपूर्ण भुमिका खेलेको हुन्छ । महिला र पुरुष शारिरीक रुपले भिन्न भिन्न हुनुको साथै आचरण काम तथा भूमिकाहरुमा पनि फरक फरक हुन्छन् । तर कतिपय अवस्थामा दुबै बराबर छन् । तर हामी तिनीहरुको समानतालाई वास्तै नगरी असमान व्यवहार गर्दछौ । त्यसैले जेण्डर शब्दको प्रयोग समाजले महिला र पुरुषलाई हेर्ने दृष्टिकोण तथा सामाजिक धारणाको आधारमा प्रयोग गरिएको छ । जेण्डर भन्ने शब्द वास्तवमा विकास अवधारणासित सम्बन्धित छ । विकासको सन्दर्भमा यो शब्दले महिला र पुरुष विचको सामाजिक सम्बन्धलाई जनाउँछ । जस अनुसार जेण्डर (महिला र पुरुष विचको सामाजिक सम्बन्ध) भनेको समाजद्धारा उपयुक्त भनी निर्धारण

गरिएको महिला र पुरुषले निर्वाह गर्ने बेग्लाबेग्लै भुमिका क्रियाकलाप तथा तिनीहरुको बारेमा मुल्य, मान्यता र धारणा भन्ने बुझिन्छ (श्रेष्ठ, २०६७ ।

कुनै पनि ठाउँ र परिवेश अनुसार मानिसका आर्थिक क्रियाकलापहरुमा विविधता आउँछ । सक्रिय आर्थिक क्रियाकलापले नै मानिसको खर्च गर्ने हैशियत निर्धारण गर्दछ । समाजमा जसले जति धैरै आम्दानी गर्दछ त्यति नै धैरै आफूलाई खर्च गर्ने हैशियत भएको दाबी गर्दछ । यसरी मानिसले आफूलाई ज्यादा बढि आर्थिक पाटोबाट समाजमा अरुभन्दा पृथक तथा शक्तिशाली मानिसको रुपमा  प्रस्तुत गर्ने गर्दछ । यसबाट समाजमा हुने वर्ग र नहुने वर्ग विचको विभेद शुरु हुन्छ । यसै विभेदको कारण समामाज द्धन्द्ध तथा झगडाको शुत्रपात हुने गर्दछ (जोशी, २०६७) ।

नेपालको स्वतन्त्रता, सार्वभौमिकता तथा प्रजातान्त्रिक सङ्घर्ष र अभ्यासमा महिलाहरूको छुट्टै भूमिका, सहभागिता र योगदान रहँदै आएको छ । यसका साथै महिलाको अस्तित्व, पहिचान र अधिकार प्राप्तिका लागि केन्द्रित छुट्टाछुट्टै सङ्घर्षहरू आफैँमा महत्त्वपूर्ण छन् । योगमाया न्यौपानेको ाे प्रारम्भिक सङ्घर्षदेखि राज्यका हरेक निकायमा महिलाको ३३ प्रतिशत सहभागिताको प्राप्ति र राष्ट्रपति पदमा पहुँचसम्मको यात्राक्रममा महिलाले गरेका सङ्घर्ष अत्यन्त महत्त्वपूर्ण रहेका छन् । हरेक युगमा समयको हरेक बदलिँदो परिवेशमा अस्तित्व, पहिचान तथा अधिकारका लागि महिला सधैँ सजग र तत्पर रहनुपरेको यथार्थ सबैलाई विदितै छ । यही अवस्था विश्वभरिकै महिलाहरूको सङ्घर्षको इतिहास हो (पन्त, २०७७) ।

नेपालमा महिलाको अधिकारका लागि सङ्घर्षरत अग्रज महिलाहरूको नाम स्वर्ण अक्षरले लेखिनुपर्छ । किनभने त्यो समय त्यस्तो थियो, जतिबेला महिलाका पक्षमा आवाज उठाउने महिलालाई घरपरिवार र समाजले नकारात्मक नजरले हेर्थ्यो । कठोर व्यवहार

पनि गर्थ्यो । महिलाहरूले नै पनि उनीहरूको विरोध गर्थे । अधिकारकर्मी महिलाहरूको सङ्घर्ष परिवार र समाजलाई स्वीकार्य थिएन । कतिपयका लागि त अझै पनि स्वीकार्य छैन । यो अग्रज महिलाहरूले गर्दै आएको र भोग्दै आएको सङ्घर्ष हो । अग्रज महिलाहरूको निरन्तरको बलिदानपूर्ण सङ्घर्षले गर्दा नै नेपालमा महिलाको अस्तित्व, पहिचान र अधिकार स्थापना हुँदै आएको हो । महिलाद्वारा महिलाका निम्ति गरिएका यस्ता धेरै आन्दोलनहरू थिए र छन्, जसले महिलालाई समाजमा विभिन्न कोणबाट मानवको रूपमा चिनाउन सफल भएका छन् । पुरुषसरह महिला पनि योग्य र सक्षम छन् भन्ने सन्देश दिएका छन् । पितृसत्ताको खिलाफमा उभिन सफल भएका छन् । ती अग्रज महिलाहरूप्रति सधैँ सबै महिला आभारी रहनेछन्, रहनु पनि पर्छ (चौधरी, २०७७) ।

वर्तमान अवस्था र दुईचार वर्षअघि मात्रै होइन, २००७ सालभन्दा पहिलेदेखि नै महिलाहरू राजनीतिक आन्दोलनमा पुरुषहरूसँगै सहभागी भए । महिला अधिकार स्थापित गर्न अग्रमोर्चामा पनि रहे । २००७ साललगायत त्यसपछि जति पनि आन्दोलन भए, ती सबैमा महत्त्वपूर्ण योगदान अग्रज महिलाहरूको रहँदै आएको छ । यसको सकारात्मक परिणाम तथा उपलब्धिहरूमा पहुँच भने मूलधारका महिलाहरूकै रह्यो । सीमान्तकृत महिला प्रायः वञ्चित नै रहे । सीमान्तकृत महिलाका लागि स्थान अत्यन्त न्यून थियो । त्यसमध्ये पनि कमलरी महिलाको सवालमा त झन् शून्य बराबर थियो । यसैले भन्न सकिन्छ, कमलरी महिलाहरूले आफ्ना लागि सङ्घर्ष गर्न बाँकी नै थियो (घिमिरे, २०६७) ।

पहिचानको सवालमा थारु महिलालाई बुझ्न नेपालको संविधान हेर्नुपर्ने हुन्छ । संविधानले थारु समुदायलाई अन्य सीमान्तकृत समुदाय, आदिवासी, जनजाति, दलित, मधेसीको साथै पिछडिएको भनी पहिचान गरेको छ । यसअघि मुलुकी ऐनमा यस समुदायलाई 'धार्मिक अल्पसङ्ख्यक' भनी धार्मिक समुदायमा राखिएको थियो । त्यो

खालको पहिचान देशको तेस्रो ठुलो धार्मिक समुदायको हकमा न्यायोचित थिएन । कमलरी महिलाको हकमा त झन् कदापि थिएन । संविधान लेखन प्रक्रियामा थारु समुदायको ठुलो सङ्घर्षपछि २०७२ सालको संविधानमा यस  समुदायले संवैधानिक र कानुनी पहिचान प्राप्त गरेको हो ।

## २.४ कमलरी हुनुको अवस्था

शाब्दिक अर्थ जे/जस्तो भए पनि हुनेखानेकहा काम गर्न राखिएका थारु समुदायका किशोरी छोरीहरुलाई कमलरी शब्दले बोलाउने गरिन्छ । सामान्यतया ७-८ वर्षदेखि १६-१७ वर्षसम्मका किशोरीहरुलाई यसरी कमलरी राख्ने चलन पाइन्छ । विशेषगरी पश्चिम तराइका बाँके, बर्दिया, कैलाली कन्चनपुर र दाङमा कमलरी राख्ने चलन छ । यी ५ जिल्ला थारु समुदायको ठूलो बस्ती रहेका जिल्ला हुन । गरीब र दरिद्र मात्र हैन, खान पुग्ने थारु परिवारका बाबुआमाले पनि आफ्ना छोरीलाई देखासिकीका आधारमा कमलरी बस्न पठाउने गर्छन् । यसरी छोरी पठाउनुलाई उनीहरु परम्परा निर्वाह गरेको ठान्छन्, त्यसैले छोरी काम गर्न पठाएकोमा अधिकांशमा कुनै गुनासो पाइन्न । थारु समुदायमा पनि मुक्त कमैया तल्लो र दयनीय अवस्थाका मानिन्छन् । त्यसैले आफ्ना छोरी साहू-महाजनका घरमा काम गर्न पठाउनेमा पनि मुक्त कमैया नै बढी देखिन्छन् । कमलरी बस्नेमा प्रायः सबै नै मुक्त कमैयाका छोरी हुन्छन् भन्दा पनि फरक पर्दैन । खान र लाउन सधैं अभाव झेलिरहन बाध्य मुक्त कमैयाहरु छोरी अरुकहाँ पठाएपछि एउटा बोझ पन्छेको अनुभव गर्छन् । आफूसँग पर्याप्त जमिन नभएकाले छोराछोरीलाई टन्न खान/लाउन दिन पनि नसकेको अवस्थामा यसरी छोरी पन्छाउन सक्नुलाई खुशीको क्षण मान्नु उनीहरुको दयनीय अवस्था हेर्दा स्वभाविकै पनि लाग्छ (आचार्य, २०७८) ।

कमलरी बस्ने प्रथा पनि सोझै जमिनसँग सरोकार राख्छ । आफ्नो छोराछोरीलाई टन्न खुवाउन पनि बोझ मान्नुपर्ने अवस्थाले यो प्रथालाई बढावा दिएको छ । त्यसैले आदिबासी थारु समुदायसँग पर्याप्त जग्गा जमिन नहुनु वा हुदै नहुनु नै कमलरी प्रथा बढ्नुको प्रमुख कारण मान्न सकिन्छ । त्यसमा पनि कमलरी राख्न खोज्नेले छोरी नै लैजान चाहन्छ । किनकि लुगाा धुने, भाँडा माझ्ने, गोबर सोहोर्ने जस्ता घरायसी काममा छोरीको भूमिका सहज हुन्छ । अर्कोतर्फ सोझो र इमानदार हुने भएकाले पनि छोरी कमलरी राख्नेको पहिलो रोजाइमा पर्न गएको पाइन्छ । के गर्नुपर्छ कमलरीले रु कमलरीले आफू बसेको घरमा के गर्नुपर्छ र के पर्दैन भन्ने कुनै सीमा छैन । बिहान उठेदेखि बेलुका नसुतुन्जेल घरमा आइपरेका वा घरको परिवारका कुनै पनि सदस्यले अराएका कुनै पनि काम विना हिच्किचाहट मान्नु उनीहरुको कर्तव्य जस्तै हो । विशेषगरी गाईवस्तुको भकारो सोहोर्ने, भाँडा माझ्ने, लुगा धुने, सफासुग्घर गर्नेदेखि परिआएका सबै काम उनीहरुले गर्नुपर्छ । यसबाहेक खेतीको काम पनि उनीहरुले भ्याएसम्म गर्नैपर्छ । यसरी काम गर्दा आफूले नसक्ने काम गर्दिन भन्न पाइदैन । नसकेर नगरेको कामका आधारमा उनले सजाय पाउनु पनि सामान्य मानिन्छ । कमलरी ५ जिल्लाबाट आपूर्ति हुने भए पनि यिनीहरु काम गर्न बस्ने ठाउँ भने त्यतिमा सीमित छैन । काठमाडौं, पोखरा, विराटनगर जस्ता ठूला शहरमा हुनेखानेले तल्लो स्तरका काम गराउन कमलरी मगाउने गर्छन् । विशेषगरी ती जिल्लामा रहेका आफन्तद्वारा कमलरी काम गर्नका लागि मगाइन्छ भने ठूलाबडाकहाँ चाकरी स्वरुप गाउँबाट यस्ता महिला खोजेर ल्याइदिने पनि प्रशस्त छन् । यसरी बालिकाहरु काम गर्न ल्याइदिएवापत उनीहरुले आफ्ना थुप्रै काम पट्याउने गरेको पनि पाइन्छ । केहीले भने एकमुष्ट वा पटक पटक साहूहरुसँग पैसा लिएर कमलरी ल्याइदिने गरेका पनि छन् (बराल, २०७५) ।

काम गर्न बाहिर लाने क्रममा कमलरीहरु यौन व्यवसायका लागि मुलुककै विभिन्न शहर तथा भारतका बेश्यालयहरुमा पनि पु¥याइएका छन् । यस सम्बन्धमा कसैले अनुसन्धान गरेको थाहा पाइएको छैन तर कमलरी तथा कमलरीबीच काम गर्ने संस्थाका पदाधिकारीसँगको भेटघाटका क्रममा यस्तो जानकारी पाउन सकिन्छ । पश्चिम तराइका भारतीय सीमावर्ती इलाकामा पनि थुप्रै कमलरी काम गर्नका लागि राखिएका सहजै देख्न सकिन्छ । के पाउँछन् कमलरीले रु कमलरीले खासै रकम पाउँदैनन् । जो साँच्चै दुःख पाएको छ र आयआर्जनकै लागि आफ्नी छोरी नोकर्नीका रुपमा पठाउन चाहन्छ भने उसले साहूसँग मोलमोलाइ गर्छ र वर्षको ४-५ हजारसम्म लिन सकेको पाइन्छ । तर धेरैजसो कमलरीका अभिभावकले एक डेढ सय रुपैया पाउनेगरी समेत आफ्नी छोरी पठाइरहेका छन् । किनकि यो समुदायमा आयभन्दा पनि परम्पराका रुपमा छोरीलाई कमलरी पठाउने चलन धेरै देखिन्छ । कमलरीले कति पैसा वा अन्न पाउँछन् भन्ने जानकारी उनीहरु स्वयंलाई हुँदैन । साहू र बाबुआमाबीच हुने कुराकानीमा कमलरी बस्ने किशोरीलाई सहभागी नै गराइन्न । यदि उनीहरुबीच निर्णय भइसकेपछि छोरीले जान्न मानिन भने सबै मिलेर जबर्जस्ती जानैपर्ने वातावरण तयार गर्छन् । यस्तो अवस्थामा दलालले पनि महत्वपूर्ण भूमिका निर्वाह गर्छ । एकप्रकारले कमलरी घरको सबै काम गर्न राखिएकी नोकर्नी नै हो । त्यसैले उसले जे पनि गर्नुपर्छ भन्ने मान्यता कमलरी राख्नेको पाइन्छ । बेलाबखत कमलरीहरु बलात्कृत हुने गरेको घटना पनि सार्वजनिक हुने गरेको छ । कमलरीलाई यौन दुव्र्यवहार गर्नुलाई सामान्यरुपमा लिइन्छ । त्यसैले घर परिवारका सदस्य तथा अन्य छिमेकीद्वारा उनीहरुमाथि यौन क्रियाकलाप हुनुलाई समाज तथा प्रशासनसमेतले टाउको दुखाइको विषय ठान्दैन (चौधरी, २०७७) ।

कमलरी ५ जिल्लाबाट आपूर्ति हुने भए पनि यिनीहरु काम गर्न बस्ने ठाउँ भने त्यतिमा सीमित छैन । काठमाडौं, पोखरा, विराटनगर जस्ता ठूला शहरमा हुनेखानेले तल्लो स्तरका काम गराउन कमलरी मगाउने गर्छन् । विशेषगरी ती जिल्लामा रहेका आफन्तद्वारा कमलरी काम गर्नका लागि मगाइन्छ भने ठूलाबडाकहा चाकरीस्वरुप गाउबाट यस्ता महिला खोजेर ल्याइदिने पनि प्रशस्त छन् । यसरी बालिकाहरु काम गर्न ल्याइदिएवापत उनीहरुले आफ्ना थुप्रै काम पट्याउने गरेको पनि पाइन्छ । केहीले भने एकमुष्ट वा पटक पटक साहूहरुसँग पैसा लिएर कमलरी ल्याइदिने गरेका पनि छन् ।

सरकारसँग मुलुकमा कति कमलरी छन् भन्ने तथ्यांक छैन । तथ्यांक नै छैन भने उनीहरुका लागि अन्य कार्यक्रम हुने कुरै भएन । एकाध गैरसरकारी संस्थाले कमलरीको उद्दारका लागि कार्यक्रम थालेका छन् । असहाय नानीहरुको साथी, ब्याकवार्ड सोसाइटी एजुकेशन जस्ता केही संस्थाले कमलरीलाई फिर्ता ल्याएर पढाउने, समाजमा पुनरुस्थापना गराउने तथा बंगुर, बाख्रा पाल्न सहयोग उपलब्ध गराएर उनीहरुको आर्थिक स्थिति उकास्ने प्रयास गरेका पाइन्छ । तर यस्तो कार्यक्रम कमलरी भएका सबै क्षेत्र र स्थानसम्म पुग्न नसकेकाले त्यसको लाभ सबैले उठाउन सकेका छैनन् । सरकारले २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरेको थियो । जसअनुसार मुक्त कमैया पुनस्र्थापना गर्न त्यसपछि सरकार तथा गैरसरकारी संस्था लागिपरेका छन् । तर यो घोषणाले बाबुआमा मुक्त गरे पनि उनीहरुकै छोरी भने मुक्त गर्न सकेन । हुन त सरकारले कमैया मुक्तिसँगै कमलरी पनि मुक्त भएको बताउँदै आएको छ । कमैया श्रम (निषेध गर्ने) ऐनले पनि कमैया श्रमिक भन्ने शब्दको परिभाषाभित्र कमलरीलाई पनि समेटेको छ तर नअहिलेसम्म कमलरीका लागि कुनै कार्यक्रम थालिएको छ, न कमलरी

राख्नेलाई कारबाही नै थालनी गरिएको छ । त्यसैले कमलरी पनि कमैयासँगै मुक्त भइसके भन्ने सरकारी भनाइमा कुनै तुक देखिन्न (श्रेष्ठ, २०७६) ।

असहाय नानीहरुको साथीद्वारा संचालित कमलरी उन्मूलन कार्यक्रमले केही हदसम्म कमलरी उद्दारमा राम्रो कार्य गरेको देखिन्छ । कमलरीलाई साहूको घरबाट छुटाएर ल्याउने मात्र हैन, पढाइदिने र आर्थिकरुपमा सवल बनाउने काममा पनि यो संस्था लागिपरेको पाइएको छ । यो संस्थाकै अनुसार कार्यक्रम थालिएयता अर्थात् चार वर्षको अवधिमा संस्थाले ३ सय ९७ कमलरीलाई उद्दार गरिसकेको छ । कमलरी उद्दार कार्यमा लाग्नेलाई जमिनदार तथा साहूहरुले धम्क्याउने र रिसइवी लिने जस्ता व्यवहार पनि प्रदर्शन गर्दै आएका छन् । कतिपय साहूहरुले विद्यालय भर्ना गरिएका कमलरीलाई समेत छुटाएर पुनः आफैंकहा लगेर जबर्जस्ती काम पनि लगाउने गरेका छन् । कमलरी प्रथा उन्मूलनका लागि सहयोग पुऱ्याउने उद्देश्यले यही संस्थाको सहयोगमा ४ कमलरीका तर्फबाट जिल्ला अदालत दाङमा त्यस्ता व्यक्तिविरुद्ध बालश्रम मुद्दा हाल्ने कार्यसमेत भएको छ ।

अतः वि.सं. २०५७ साउन २ गते कमैया मुक्तिको घोषणा गरियो । यसबाट कमैयाहरू त मुक्त भए तर कमलरीहरूको बारेमा खासै ध्यान दिइएन । त्यतिबेला कमलरीहरूको पनि उचित सम्बोधन हुनुपर्छ भनेर विचार पुऱ्याएको पनि देखिएन । फलतः कमैया मुक्तिको घोषणा सकारात्मक हुँदाहुँदै पनि यो कदम कमलरीहरूका लागि प्रत्युत्पादक हुन पुग्यो । मुक्त कमैयाहरूको पुनःस्थापनामा आवश्यक ध्यान नदिइएकाले कमलरीहरूको संख्यामा वृद्धि भएको हो भन्ने बुझाइ पनि छ । कमलरीको संख्या बढ्नाको भित्री कारणमा लैङ्गिक विभेद पनि जोडिएको छ । खान र लाउन सधैँ अभाव झेलिरहन बाध्य मुक्त कमैयाहरू छोरी अरूकहाँ पठाएपछि एउटा बोझ पन्छेको अनुभव

गर्छन् । आफूसँग पर्याप्त जमिन नभएकाले छोराछोरीलाई टन्न खान⁄लाउन दिन पनि नसकेको अवस्थाले पनि कमलरी पर्थालाई प्रोत्साहन हुन पुगेको हो भन्न सकिन्छ । यसरी यस अध्ययनलाई प्रसिद्ध समाजशास्त्री तथा राजनीतिज्ञ कार्लमाक्र्सको वर्ग संघर्षको सिद्धान्तसँग सम्बन्ध जोडेर यहाँ अध्ययन गर्न खोजीएकोछ ।

## २.५ अनुभवजन्य समिक्षा

नेपालको इतिहासमा कमलरी एउटा यस्तो प्रथा हो, जुन दासत्वको नजिक रहेको छ । यसले आधुनिक कालीन नेपालमा कुनै जाति र भूगोल विशेषको गरिब परिवारमा जन्मिएका बालिकाहरूले भोग्नुपरेको लैङ्गिक दृष्टिले विभेदित खालको दासत्वको विशिष्ट अवस्थालाई बुझाउँछ । कमलरीको अर्थ, परिभाषा र व्याख्याले यही कुरालाई बल दिएका छन् । कमलरीलाई कसैले 'कमलह्री' र कसैले 'कम्लहरी' भन्ने गरेको पाइन्छ । सामुदायिक आत्मनिर्भर सेवा केन्द्र नामक संस्थाद्वारा प्रकाशित 'कमलरी' पुस्तिकामा भनिएको छ । “शाब्दिक अर्थ जे⁄जस्तो भए पनि हुनेखानेकहाँ काम गर्न राखिएका थारु समुदायका किशोरी छोरीहरूलाई कमलरी शब्दले बोलाउने गरिन्छ । सामान्यतया ७-८ वर्षदेखि १६-१७ वर्षसम्मका किशोरीहरूलाई यसरी कमलरी राख्ने चलन पाइन्छ (आचार्य, २०७०) ।”

नेपाली बृहत् शब्दकोशमा 'कमलह्री' का सम्बन्धमा उल्लेख छ । “ज्यालाबिनै अरूका घरमा काम गर्न बसेको व्यक्तिस त्यसरी काम गर्न राखिएकी केटी ।” यसै शब्दकोशमा केटाकेटीलाई घनीका घरमा नोकर बस्न पठाउने चलन भनेर पनि कमलरीको व्याख्या गरिएको छ ।

कमलरी राख्ने चलन पुरानो सामन्ती प्रथाभन्दा लैङ्गिक दृष्टिले भिन्न रहेको पाइन्छ । यसको व्यावहारिक पक्षलाई केलाउँदा यसमा लैङ्गिक विभेद पाइन्छ । यसको निर्णय प्रक्रियालाई हेर्दा घरका बाबुआमा र समाजका साहुहरू संलग्न देखिन्छन् ।

बाबुआमाले हरेक वर्ष घरमा बालश्रमको बजारमा आफ्ना छोरीहरूलाई मात्रै विभेदित बनाएर सौदाबाजी गरी साहुकोमा दास जस्तै भएर काम गर्न पटाउने चलन रहेका भन्ने कुरा बुझ्न गाह्रो पर्दैन । 'कमलरी' पुस्तिकामा लेखिएको छ "माडिमा कमलरी राख्ने निणर्य हुन्छ ' यतिबेला नै को साहूले कसकी छोरी कतिमा र कुन शर्तमा कमलरी राख्न लैजाने हो भन्ने कुराकानी शुरु हुन्छ । प्रायः दलालको मध्यस्थतामा र कहीँ कहीँ सिधै बाबुआमासँग कमलरी राख्न चाहनेले कुराकानी चलाउछन् । अनि दुवै पक्ष राजी भएपछि निर्णय हुन्छ । यसरी गरिएको निर्णय एक वर्षसम्मका लागि लागू हुन्छ । बीचमा कमलरीले जतिसुकै पीडा, यातना खेप्नुपरे पनि खेप्न पाउन्नन् । बस्नै नसकिने अवस्था सिर्जना भए पनि अर्को माध्यममा उनले पर्खनै पर्छ ।"

कमलरी' मा औँल्याइए अनुसार, गरिब परिवारले मात्रै छोरी लाई कमलरी पठाउने भन्ने होइन । खान पुग्ने थारू परिवारका बाबुआमाले पनि आफ्ना छोरीलाई देखासिकीका आधारमा कमलरी बस्न पटाउने गरेको, यसरी डोरी पठाउनुलाई उनीहरूले परम्परा निर्वाह गरेको भन्ने गरेको र त्यसैले सौदावाजी गरी छोरीलाई अर्काको घरमा काम गर्न पठाएको अधिकांशमा कुनै गुनासोसमेत नपाइने गरेको अवस्था छ । यद्यपि यसलाई गरिबीसँग जोडिएको छ र आदिवासी थारू समुदायसँग पर्याप्त जमिन नहुनु वा हुँदै नहुनुलाई कमलरीहरू बस्नुको प्रमुख कारण मानिएको छ (बराल, २०७५) ।

वि.सं. १९१० मा नेपालको प्रथम मुलुकी ऐन लागू भएपछि जातिप्रथालाई बढी कानूनबद्ध गरीयो । तथापि यो प्रचलनलाई कानूनी रुपमा अन्त्य गर्नको लागि २०२० भाद्र १ गते लागू गरिएको नयाँ मुलुकी ऐनले छुवाछूत सम्बन्धी पूराना ऐनका व्यवस्थालाई समाप्त गऱ्यो । कानूनी रुपमा छुवाछुतलाई समाधान गर्न खोजिए पनि नेपालको बहुजातीय समाजमा नयाँ ऐनको त्यो सामाजिक-कानूनी समानताको मर्मलाई

आत्मसाथ गर्दै व्यवहारमा उतार्ने प्रयास माथिल्ला जातिहरुबाट बिल्कुलै पहल भएन । वहुदलीय प्रजातन्त्रको पुनस्र्थापना पश्चात बनेको नेपाल अधिराज्यको संविधान २०४७ मा समेत अझ वढी सशक्त रुपमा जातीय समानता ल्याउने कानूनी प्रावधानलाई व्यवस्थित बनाइएता पनि छुवाछूत प्रथा जिवीतै रहेको छ । नगर-शहरी क्षेत्र र बौद्धिक समाजमा यो प्रथा केही हदसम्म क्षीण हुँदै गए पनि ग्रामीण समाजमा जातीय स्वरुपमा कुनै फरकपना देखिएको छैन । फलस्वरुपः कमलरी जातिहरु समग्र रुपमा पछाडि रहेको अवस्थामा आधा आकाश ओगटेका महिला वर्गहरु विकास प्रक्रियामा पछाडि परिरहेको यथार्थता भित्र कमलरी महिलाको सामाजिक, आर्थिक र राजनैतिक अवस्थामा छुवाछूतले पारेको प्रभाव र कमलरी समुदायमा उनीहरुको लैङ्गिक भूमिका कस्तो छ रु भन्ने सन्दर्भमा पनि थप अनुसन्धान गरीनु पर्दछ भन्ने मलाई लागेको छ । समग्र देशमा शिक्षा, स्वस्थ्य क्षेत्रमा पिछडिएका कमलरी महिला वर्ग अन्य जातिका महिलाहरुको तुलनामा सामाजिक तथा आर्थिक आधारमा ज्यादै कमजोर रहेको छ (सोव, २०७८) ।

वि.सं. २०५२ फागुनमा नेपाल कम्युनिष्ट पार्टी (माओवादी) ले सशस्त्र सङ्घर्ष प्रारम्भ गरेपछि जमिनदारहरू गाउँबाट सहरतर्फ पलायन हुनथाले । त्यसैताका गाउँमा कमैया तथा कमलरीहरूले मुक्तिको आवाज बुलन्द गर्न थाले । अन्ततः २०५७ साल साउन २ गते सरकारले कमैया प्रथामा बन्देज लगाउँदै कमैया मुक्तिको घोषणा गर्यो। । २०५८ सालमा ‘कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८’ जारी भयो । कमैया मुक्तिको घोषणा, कमैया प्रथामा बन्देज र कमैया (श्रम निषेध) सम्बन्धी ऐन लागु भएसँगै कमलरीहरू पनि मुक्त भएको विश्वास गरियो । सो ऐनमा कमलरीलाई पनि कमैया श्रमिकमा लिइएको छ । तर, सरकारको मुक्ति घोषणाले कमैया परिवारमध्ये कतिलाई छुनै सकेन । उनीहरूको उचित सम्बोधन नै भएन । मुक्त भएका भनिएका कमैयाहरूको पनि

उचित व्यवस्थापन हुन सकेन । कमैयाका छोरीहरू फेरि पनि कमलरी नै रहन बाध्य भए । समयक्रममा कमलरीहरू क्रमशः सचेत हुँदै गए । आफूहरूलाई प्रजातन्त्रमा पनि परिवारदेखि राज्यसम्मको लिङ्गभेदी मूल्य, नीति र व्यवहार गरी अनपढ बनाएर दासमय जीवनमा फसाइएको पनि बुझे । त्यसपछि कमलरीहरूले आफ्नो मुक्तिका लागि अभियान नै सुरु गरे । मालिकको महलबाट सडकमा निस्किएर आन्दोलन जारी पनि राखे (चौधरी, २०७७) ।

नेपालको संविधान र अन्य कानुनी प्रावधानहरूमा मुक्त कमलरीहरूको हक हितमा केही व्यवस्था गरिएका छन् । कमलरी मुक्तिको घोषणा भएको दुई वर्षपछि लागु भएको नेपालको संविधानमा कमलरीहरूको पुनःस्थापनाको प्रत्याभूति गरिएको छ । संविधानको राज्यका निर्देशक सिद्धान्त, नीति तथा दायित्व भागको धारा ५१ (ञ) (६) मा मुक्त कमलरीहरूको पहिचान गरी बसोबासका लागि घरघडेरी तथा जीविकोपार्जनका लागि कृषियोग्य जमिन वा रोजगारीको व्यवस्था गर्दै पुनःस्थापना गर्ने उल्लेख गरिएको छ । यस्तै, मौलिक हक र कर्तव्य भागअन्तर्गत धारा ३१ (३) मा आर्थिक रूपले विपन्न नागरिकलाई कानुन बमोजिम निःशुल्क उच्चशिक्षा पाउने हक हुने र धारा ३८ (५) मा महिलालाई शिक्षालगायतका क्षेत्रमा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्राप्त गर्ने हक सुनिश्चित गरिएको छ । मौलिक हक र कर्तव्य भागअन्तर्गत नै धारा ३९ (९) मा असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवं जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुने प्रत्याभूति दिइएको छ । यी प्रावधानहरू प्रत्यक्ष-अप्रत्यक्ष रूपमा मुक्त कमलरीहरूसँग पनि सम्बन्धित छन् । वि.सं. २०७४ मा जारी भएको 'स्थानीय सरकार सञ्चालन ऐन, २०७४' को दफा १२ मा व्यवस्था गरिएको वडा समितिको काम, कर्तव्य र अधिकारमा कमलरी प्रथालगायतका

कुरीतिको अन्त्य गर्ने उल्लेख गरिएको छ । नियमावली बमोजिम जग्गा उपलब्ध गराइएका 'क' वर्गका मुक्त कमैया र घर नभएका वा घर भए पनि सो ठाउँबाट टाढा स्थानान्तरण गरिएका 'ख' वर्गका मुक्त कमैयालाई एउटा घर निर्माण खर्चबापत एक पटक नेपाल सरकारले निर्णय गरेबमोजिमको रकम र काठ उपलब्ध गराइने पनि उल्लेख गरिएको छ (श्रेष्ठ, २०७६) ।

मानव सभ्यता विकासको इतिहास अनुसार बढी शक्ति भएकाहरुले कम शक्ति भएकाहरुलाई बल प्रयोग गरेर आफ्नो अधीनमा राख्ने र शक्ति विस्तार गर्ने महत्वाकांक्षी मनोवृत्तिको प्रारम्भदेखि नै मानव-मानववीच उच-निचको विभेद विकास हुन थालेको हो । कमलरी (२०११) ले उल्लेख गरे अनुसार, ई.पू. १८५ मा मनुले मनुस्मृति रचना गरेर वर्णाश्रम धर्मलाई वैधानिकता प्रदान गरे जसलाई ब्राह्मण धर्म भन्न थालियो । त्यहींबाट व्राह्मण जातिहरु समाजका सबैभन्दा उच्च र शूद्रहरु सबैभन्दा निच मान्ने चलन शुरु भयो । नेपालको सन्दभमा लिच्छवीकाल (ई.सं. २०० देखि ८७९) को शुरुमै चारवर्ण १८ जातको स्थिति कायम भयो भने ई.सं. ६०० सम्ममा यहाँको वर्णाश्रमी समाजमा छुवाछूत भित्रिएको थियो । वाग्मती उपत्यकामा राजा जयस्थिति मल्ल (ई.सं. १३६०-१३९९) ले ४ वर्ण ६४ जातको स्थिति बसाल्दै जातीय छुवाछूतलाई कडाईका साथ लागू गरे । त्यसैगरी शासक पृथ्वीनारायण शाह, भीमसेन थापा, र जंगवहादुर राणासम्म आइपुग्दा मुलुकी ऐन जारी गरेर चालू जातपात र छुवाछूत प्रथालाई कानूनी रुप दिइयो (कमलरी, २०१६ ३३) । वि.स. २०७८ सालको जनगणना अनुसार नेपालको कुल जनसंख्या २९४९१,८०४ छ भने महिलाको कुल जनसंख्या १३,६४५,४६३ (५१.५%) र पुरुषको कुल जनसंख्या १२,८४९,०४१ (४८.५%) छ । यसरी राष्ट्रको कुल जनसंख्याको ३ प्रतिशत भन्दा बढी जनसंख्या

कमलरी को छ भने कूल कमलरी  जनसंख्याको आधाभन्दा बढी जनसंख्या कमलरी महिलाको  छ (केन्द्रीय तथ्यांक विभाग, २०७९) ।

प्रारम्भिक वैदिक युग (ऋग्वेदको प्रारम्भ सम्भवतः १५००-१००० ई.पु) देखि उत्तरवैदिक युग (यर्जुवेद, सामवेद र अथर्ववेदको पूर्णरचना काल सम्भवतः १०००-६०० ई.पू.) को अवधिमा विकसित र सञ्चालित सामाजिक आचार संहिता अनुसार श्रम विभाजनका आधारमा वर्ण विभाजन गरिएको थियो । जसअनुसार धर्म अथवा मस्तिष्क सम्बन्धी काम गर्नेलाई ब्राह्मण, रक्षा तथा राज्य सञ्चालनको काम गर्नेलाई क्षेत्री, कृषि उद्योग र वाणिज्य जस्ता व्यवसाय गर्नेलाई वैश्य, र सेवा तथा निम्नस्तरको श्रम गर्नेहरुलाई शूद्रमा राखी ४ वर्णमा विभाजन गरिएको थियो । उत्तर वैदिक कालको उत्तराद्र्धदेखि हुनथालेको उपनिषदको सिर्जना र कर्मकाण्डीय संस्कारले पेशाको आधारमा सामाजिक विभेदमा परिणत गराउन पुग्यो (काफ्ले, २०२२ः १२५) ।

यसअघि २०५८ सालमा कमैया श्रम निषेध गर्न, मुक्त कमैयालाई पुनःस्थापना गर्न तथा सामाजिक न्यायको दृष्टिले मुक्त कमैयाको जीवनस्तर अभिवृद्धि गर्न आवश्यक व्यवस्था गर्न ‘कमैया श्रम (निषेध गर्ने) सम्बन्धी ऐन, २०५८’ जारी भयो । कमैया मुक्तिको घोषणापछि जारी भएको उक्त ऐनमा कमैया श्रमिकको परिभाषामा कमलरीलाई पनि समावेश गरिए पनि त्यसले कमलरी प्रथालाई भने सम्बोधन गर्न सकेन । सोही ऐनको दफा ३ मा ऐन प्रारम्भ हुँदाका बखत कमैया श्रमिकको रूपमा काम गरेको व्यक्ति ऐन प्रारम्भ भएपछि कमैया श्रमिकबाट मुक्त हुने र दफा ४ मा ऐन प्रारम्भ भएपछि कसैलाई पनि कमैया श्रमिकको रूपमा राख्न वा काममा लगाउन नहुने उल्लेख छ । ऐनको दफा १४ मा मुक्त कमैयालाई बसोबास, रोजगार तथा आयआर्जनको व्यवस्था गर्ने उल्लेख छ ।

सो ऐन जारी भएको एक दशक हुन लाग्दा मात्रै 'कमैया श्रम (निषेध गर्ने) सम्बन्धी नियमावली, २०६७' जारी भयो । नियमावलीको नियम ३ मा मुक्त कमैयाको वर्गीकरण गरिने र नियम ४ मा वर्गीकरणको आधारमा परिचयपत्र वितरण गरिने उल्लेख गरिएको छ । साथै, नियमावली बमोजिम जग्गा उपलब्ध गराइएका 'क' वर्गका मुक्त कमैया र घर नभएका वा घर भए पनि सो ठाउँबाट टाढा स्थानान्तरण गरिएका 'ख' वर्गका मुक्त कमैयालाई एउटा घर निर्माण खर्चबापत एक पटक नेपाल सरकारले निर्णय गरेबमोजिमको रकम र काठ उपलब्ध गराइने पनि उल्लेख गरिएको छ (चौधरी, २०७४) ।

## २.६ अनुसन्धान गर्न बाँकी क्षेत्र

विभिन्न अनुसन्धानकर्ताहरुले नेपालको तराई तथा भित्री मधेशमा बसोवास गर्ने थारु जातिको उत्पत्ति, विकास, शैक्षिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक अवस्थाबारे अध्ययन, प्रतिवेदन, पुस्तक तथा शोधकार्य गरिए तापनि थारु समुदाय भित्रको कमलरीको जीविकोपार्जनको अवस्थाबारे अध्ययन अनुसन्धान गर्न बाँकी रहेको पाइयो । विभिन्न अनुसन्धानकर्ताहरुले विभिन्न समयमा कमलरीका विषयमा केही अध्ययन अनुसन्धान गरेको पाइन्छ जस्तो घिमिरे (२०६७), के कमलरी पर्था अपवित्र हो, भन्ने शिर्षकमा कमलरीको बारेमा केही कुरा उल्लेख भएको पाइन्छ जसमा कमलरी प्रथाको बारेमा स्वयंम कमलरीको विचारलाई गहनताका साथ उठाइएको छ तर उनको अध्ययमा जीविको पार्जनको बारेमा भने चर्चा गरिएको पाइदैन । यसैगरी अर्का अनुसन्धाकर्ता चौधरी (२०७४) ले आफ्नो अनुसन्धानको शिर्षक कैलालीका मुक्त कमैयाहरुको सामाजिक अवस्थामा आएको परिवर्तन, विषयमा पनि कमलरीको सामाजिक अवस्थाको विषयमा प्रकाश पारेका छन् । यसरी मुक्त कमलरीका हक हितको लागि राज्यले कागजमा प्रावधान गरे पनि वास्तविक रुपमा उनीहरुको मुक्त पश्चात् दैनिक जिविको पार्जनको अवस्था तथा

तिनीहरुको जीविकोपार्जनमा आएका सम्भावना र पहुँच, चुनौतिका बारेमा भने खासै अध्ययन गरिएको पाइदैन् । थोरै मात्रामा उनीहरुमा उनीहरुमा परिवर्तन आएको देखिन्छ । त्यसकारण यो अध्ययन अनुसन्धानले उक्त विषयहरुलाई गहिरिएर हेर्ने प्रयत्न गरेको छ । यसरी यस अध्ययनमा कमलरी पर्थामा आएको परिवर्तन देखाउनु पर्दा यस विषयमा अरुले खासै अध्ययन नगरेको कारणले पनि यस विषयमा सन्दर्भ सामग्रीको अभाव रहन गएको र कमलरीको विषयमा यस किसिमको खोजमुलक अध्ययनले यसै विषयमा थप अध्ययन गर्न चाहानेहरुलाई यसले केही न केही मार्ग दर्शन गर्न सक्ने विश्वास लिइएको ।

# अध्याय तीन

# अध्ययन विधि

## ३.१ अध्ययन क्षेत्र छनोटको औचित्य

यस अध्ययनका लागि सुदुरपश्चिम प्रदेश अन्तर्गत, कैलाली जिल्लाको टिकापुर नगरपालिका वडा नं. १ शक्तिनगरमा बसोबास गर्दै आएका मुक्त कमलरीहरुलाई अध्ययन क्षेत्र छनोट गरिएको छ । यो क्षेत्रमा अनुसन्धान गर्नको लागि समय, स्रोत, सुविधायुक्त भएको हुनाले अध्ययनको लागि छनोट गरिएको छ । यो नगरपालिका आफैमा शिक्षा, स्वास्थ्य, यातायात आदिबाट सम्पन्न र विकसित भएपनि यस क्षेत्रका मुक्त कमलरी मुक्त भएपनि उनीहरुको सामाजिक र आर्थिक अवस्था निकै कमजोर रहेको छ । कमलरीहरु आफ्नो हक अधिकार, सुरक्षा र सुविधाबाट बन्चित छन् । मुक्त कमलरीहरुको जीविकोपार्जनमा आएको परिवर्तनलाई यस अध्ययनमा समावेश गरिएको छ । अतः यो क्षेत्र यस विषयका अध्ययनका लागि उपयुक्त देखिएकाले छानिएको छ । अध्ययन क्षेत्रमा थारु समुदायको बाहुल्यता भएको र यस समुदायभित्र मुक्त कमलरीहरुको बारेमा यस किसिमको अध्ययन अहिले सम्म नभएको देखिएकोले यस अध्ययनका लागि यो क्षेत्र औचित्यपूर्ण छ । यो क्षेत्रबाट यस प्राप्त अनुसन्धानको नतिजालाई सामान्यीकरण गर्न सहज र तर्कपूर्ण हुने विश्वास गरिएको छ ।

## ३.२ अध्ययनको ढाँचा

यस अध्ययनमा वर्णनात्मक अध्ययनको ढाँचा प्रयोग गरिएको छ । यसका लागि अन्तर्वार्ता तथा अवलोकन विधि मार्फत तथ्यहरुको संकलन र विश्लेषयण गरिएको छ । वर्णनात्मक ढाँचाबाट मुक्त कमलरीको जीविकोपार्जनको वर्तमान अवस्था तथा

जीविकोपार्जनमा आएको परिवर्तनबारेमा जानकारी हुने हुनाले यो यो अध्ययन ढाँचाको प्रयोग गरिएको हो । यसका लागि सम्बन्धीत उत्तरदाताहरुबाट उनीहरुको उत्तरलाई संकलन गरी त्यसलाई तालिकामा प्रस्तुत गरी व्याख्या तथा विश्लेषण गरिएको छ । खासगरी यो शोधकार्य संख्यात्मक तथा गुणात्मक तथ्यहरूमा आधारित रहेको छ ।

### ३.३ तथ्याङ्कको प्रकृति र स्रोत

यस अध्ययनमा प्राथमिक र द्वितीयक स्रोतहरू प्रयोग गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

क) प्राथमिक स्रोत

यस अध्ययनको लागि आवश्यक तथ्याङ्कको संकलनका लागि नमुना छनोटमा परेका थारु समुदायका भित्रका मुक्त कमलरीहरुसँग प्रत्यक्ष भेटघाट, कुराकानीबाट प्रश्नहरु सोधी अन्तर्वार्ता लिई आवश्यक पर्ने सूचनाहरु संकलन गरिएको छ । स्थलगत अध्ययनको रुपमा सम्बन्धित क्षेत्रको वस्तुस्थिति खानपान र रहनसहनको अवलोकनबाट प्राप्त सूचनाहरु पनि समावेश गरिएको छ । संख्यात्मक प्रकृतिका तथ्यहरुलाई तालिकाद्धारा प्रस्तुत गरिएको छ भने गुणात्मक प्रकृतिका तथ्यहरुलाई व्याख्या तथा विश्लेषणमा उपयोग गरिएको छ ।

ख) द्धितिय स्रोत

द्वितीय स्रोतका रूपमा सरकारी तथा गैरसरकारी संस्था, व्यक्तिको लेख, रचना, प्रतिवेदन, पुस्तक, शोधपत्र, जर्नल, पत्रिका, रिपोर्ट, र इन्टरनेट साइटहरूको स्रोतको सहयोग लिइएको छ । यसका साथै सम्बन्धित नगरपाकिलाका अभिलेख, प्रतिवेदन र यस विषयमा लेखिएका शोधपत्रलाई सन्दर्भ सामग्रीको रुपमा उपयोग गरिएको छ । यसमा प्रयोग भएका तथ्याङ्कहरु संख्यात्मक र गुणात्मक दुबै प्रकृतिका रहेका छन् । यसरी यस

अध्ययनमा प्राथमिक र द्धितिय दुबै स्रोतबाट प्राप्त तथ्यहरुलाई उपयोग गरिएको छ भने यस अध्ययनमा संख्यात्मक र गुणात्मक दुवै प्रकृतिका तथ्यहरुको उल्लेख गरिएको छ ।

**३.४ समग्रता र नमुना छनौट**

अध्ययन क्षेत्र कैलाली जिल्ला, टिकापुर न.पा.वडा नं. १ शक्तिनगरमा बसोवास गर्ने मुक्त कमलरीको जीविकोपार्जनमा आएको परिवर्तनलाई समावेश गरिएको छ । यस वडामा  मुक्त कमलरीहरुको जम्मा १२२ घरधुरी रहेका छन् (के.त.वि., २०७८) जसमध्ये उद्देश्यात्मक नमुना छनोट विधिको प्रयोग गरी समग्रताको प्रतिनिधित्व हुनेगरी जम्मा ३० घरधुरीलाई छनौट गरीएको छ । ३० घरधुरीमा प्रत्येक घरधुरीबाट १ जना सदस्यलाई छनोट गरी समावेश गरिएको छ । अध्ययन क्षेत्रमा बसोवास गर्ने सम्पूर्ण मुक्त कमलरीहरु उमेरका (१५ देखि ४९ वर्ष) समूहका महिलाहरु नै यस अध्ययनको जनसंख्या वा समग्रता हो । छनोट गर्दा उमेर, शिक्षालाई मुख्य आधार मानिएको छ ।

**३.५ तथ्याङ्क संकलनका विधि र उपकरण**

यस अध्ययनका लागि वर्णनात्मक अध्ययन विधिको प्रयोग गरिएको छ । तथ्याङ्क संकलन गर्नको लागि विभिन्न उपकरणहरुको प्रयोग गरिएको छ । जसको विवरण देहाय अनुसार उल्लेख गरिएको छ ।

**३.५.१ प्रश्नावली**

यस अध्ययनको लागि अनुसूचीमा उल्लेख गरिए बमोजिमका प्रश्नावली फारम भरी सम्बन्धीत उत्तरदाताहरु समक्ष सोधिएको थियो । कतिपय उत्तरदातहरुलाई भर्न अनुरोध गरिएको थियो भने  कतिपयलाई अनुसन्धानकर्ता स्वयंमले सोधेर प्रश्नाली भर्न सहयोग गरिएको थियो, कमलरी प्रथाको बारेमा प्रश्नावली मार्फत उनीहरुको अनुभव संकलन गरिएको थियो ।

### ३.५.२ अन्तर्वार्ता

यसमा समाजको सामाजिक, आर्थिक पक्षलाई समेटेर राखिएको प्रश्नमा आधारित रहेर साधारण छलफल गरी उत्तरदाता ३० जना सबैसँग अन्तरवार्ता लिइएको छ । यस्तो अन्तरवार्ता कमलरी प्रथाको बारेमा छलफलमा सहभागि भएका महिलाहरुसँग साथै उनीहरुका परिवारहरुसँग पनि आवश्यक अन्तर्वार्ता गरिएको छ । यस्तो अन्तरवार्ता खासगरी कमलरी पर्था र मुक्त कमलरीहरुको जिविकोपार्जनमा आएको परिवर्तनको बारेमा केन्द्रित गरिएको छ । यस अध्ययनमा असंरचित प्रकारको अन्तरवार्ता विधिको प्रयोग गरिएको छ ।

### ३.५.३ अवलोकन

अबलोकन विधिलाई तथ्याङ्क सङ्कलनको महत्त्वपूर्ण विधिका रूपमा लिइएको छ । यस विधिबाट मुक्त कमलरीहरूको बसोवासको अवस्था, उनीहरूले गर्ने काम सम्बन्धी कुराहरूको अबलोकन गरिएको छ । अनुसन्धानकर्ताले अध्ययनको शिलशिलामा गाउँको विभिन्न अवस्थाबारे अवलोकन गरिएको छ । यस विधि मार्फत कमलरी प्रथाको बारेमा जानकार महिलाहरुको रहनसहन, व्यवसाय, भेषभुषा, खानपान, पारिवारिक गतिविधि, सांस्कृतिक एवं धार्मिक अवस्था कृषि र पशुपालन आदिको बारेमा पनि जानकारी प्राप्त गरिएको थियो ।

### ३.५.४ वैयक्तिक अध्ययन

यस अध्ययनका लागि तथ्याङ्क सङ्कलन गर्न अन्तर्वार्ता विधि अबलम्बन गरिएको थियो । प्राथमिक तथ्याङ्कक अन्तर्वार्ता अबलोकन आदि विधिहरू प्रयोग गरिएको छ ।

घटना अध्ययन यस अध्ययनमा तथ्याङ्क सङ्कलनका लागि छानिएका उत्तरदातासँग कमलरी पर्था शुरु भएदेखि अथवा यस व्यवस्थाको अन्त्य भएपछिको परिवर्तनको बारेमा थाहा पाउन थाले देखि वर्तमान सम्मका अध्ययन गरिएको छ ।

## ३.६ तथ्यांक प्रस्तुतिकरण र विश्लेषण

सङ्कलित तथ्याङ्कहरूलाई विश्लेषण गरेपछि मात्र अध्ययनको वास्तविकता प्राप्त हुने भएकोले अनुसंन्धानमा विश्लेषण पक्षको विशेष महत्व रहन्छ । यस अनुसंन्धानबाट प्राप्त भएका तथ्याङ्कहरूलाई संख्यात्मक र गुणात्मक दुवैको छुट्टाछुट्टै विश्लेषण गरिएको छ । प्राप्त तथ्यहरूलाई सम्पादन गरी सांकेतिकीकरण, वर्गीकरण र तालिकीकरणको माध्यमबाट विश्लेषण गरिएको छ । यसरी विश्लेषित तथ्याङ्कहरूलाई आवश्यकता अनुसार वर्णनात्मक व्याख्याका साथसाथै विविध तालिकामा प्रस्तुत गरिएको छ । विशेषगरी यस शोधमा व्यक्तिगत घटना अध्ययन मार्फत गुणात्मक विश्लेषणलाई जोड दिइएको छ ।

## ३.७ तथ्याङ्कको विश्वसनीयतता र वैधता

कुनै पनि अधययनको विश्वसनियता र वैधता कसरी तथ्याङ्क संकलन गरिएको छ । ती संकलित सुचनाका स्रोत के हुन् रु, को हो, कहाँबाट ल्याएको भन्ने प्रश्न महत्वपूर्ण हुन्छ । यसै कुरालाई ध्यान दिदै अनुसन्धान कर्ताले संलग्न गरिएका व्यक्तिहरुसँगै अध्ययन क्षेत्रमा प्राथमिक स्रोतबाट प्राप्त तथ्यहरुलाई प्रश्नावली, अन्तर्वार्ता, अवलोकन र वैयक्तिक विधिबाट संकलन गरिएको र द्धितिय तथ्याङ्क सम्बन्धित साहित्यको अध्ययन, सरकारी कार्यालयहरुबाट संकलन गरिएकोले उल्लेखित तथ्यहरु विश्वसनिय हुनेछन् भन्न सकिन्छ ।

# अध्याय चार

# तथ्याङ्कको प्रस्तुति तथा विश्लेषण

## ४.१ अध्ययन क्षेत्रको परिचय

नेपालको सुदूरपश्चिम प्रदेश अन्तर्गत पर्ने कैलाली जिल्लाको पूर्बी भागमा पर्ने यो ठाउं महेन्द्र राजमार्ग देखि १४ कि.मि. दक्षिण पट्टि, भारतको सिमाना देखि १४ कि.मि उत्तर तर्फ कर्णाली नदीको पश्चिमि तटमा अवस्थित छ । प्रजातन्त्र पुर्नस्थापना पश्चात नगरोन्मुख गा.बि.स., हुँदै २०५३ साल माघ १७ गते एकै पटक घोषणा भएका १५ वटा नगरपालिका मध्येको एक हो भने हाल २०७३ साल फाल्गुन २७ गतेको मन्त्रिपरिषद्को निर्णय बमोजिम साबिक टीकापुर नगरपालिका, नारायणपुर र धनसिंहपुर गा.बि.स. एकै ठाउंमा गाभिन गई हालको बृहत् टीकापुर नगरपालिकाको स्थापना भएको हो । घना जंगल भएको यस क्षेत्रमा बस्ति बस्ने क्रममा यहाँका बस्तीहरु टिका जस्तै गरि गोलाकार रुपमा बसेकोले यस ठाउँको नाम टीकापुर रहन गएको भन्ने भनाइ छ भने अर्को भनाइ अनुसार बस्ति बस्ने क्रममा जंगल फडानीको कार्य दशैंको टिकाको दिनदेखि प्रारम्भ गरिएकोले यस ठाउँको नाम टीकापुर रहन गएको भन्ने भनाइ छ ।

### ४.१.१ उत्तरदाताको सामाजिक आर्थिक वस्तुस्थिति

यस अध्ययन क्षेत्रका प्राय अधिकांश कमलरी महिलाको सामाजिक आर्थिक अवस्था मध्यम खालको रहेको छ । घरमा आम्दानीको वलियो स्रोत नहँुदा र अर्काको घरमा कमलरी बसेर आफ्नो तथा परिवारको हेरचाह गर्ने यहाँका मलरी महिलाहरुको आर्थिक अवस्था विगतको तुलनामा सुधारोन्मुख रहेको छ । कमलरीलाई सामाजिक स्थिति कमजोर रहेको प्रष्ट हुन्छ । एकातिर कमलरी हुनको पिडा अर्कोतिर कमलरीमा

पनि महिला हुनको पिडाले यहाँका कमलरी महिलाहरु दोहोरो पिडाको मारमा पर्ने गरेको पाइयो । मालिक अर्थात जमिनदारको खेत, खन्ने, भारी वोक्ने, घाँस काट्ने तया घरायसी कामहरु गर्नुपर्दछ त्यो सबै काममा कमलरीलाई नै जिम्मा दिने प्रचलन रहेको छ । उत्तरदाताका अनुसार यतिसम्मकी कमलरी बस्दा सँधै एउटै भाँडामा खाना दिने र त्यो भाँडा अलग राख्ने पनि गरिन्थ्यो । त्यस्तै यहाँका कमलरीहरु अन्य जातिकहाँ नगईकन गुजारा चल्न नसकेको अवस्था विगतमा भएपनि पछिल्लो समयमा आफै काम गर्ने र खर्च जुटाउने गरेको पाइयो । त्यसैले अध्ययन गरिएको कमलरीको सामाजिक आर्थिक अवस्था देहाय बमोजिम उल्लेख गर्न सकिन्छ ।

### ४.१.२ उत्तरदाताको सामाजिक संरचना

अध्ययन क्षेत्रमा दुई ओटा सरकारी विद्यालय रहेका छन् । त्यस्तै गरी कक्षा १० सम्म वोर्डिङ स्कुल पनि खोलिएको छ । यहाँ जिल्ला अस्पताल, जिल्ला प्रशासन कार्यालय, नापि विभाग, जिल्ला अदालत लगायत सरकारी कार्यालयहरु रहेका छन् । यातायात, विद्युत, खानेपानी, शिक्षा लगायतका सबै सुविधाहरु उपलब्ध हुँदा हुँदै पनि कमलरीहरु पछाडि नै रहेका छन् । अहिलेको समयमा कमलरीमा शिक्षा प्रतिको चासो र महत्व बढेर गएको  देखिन्छ । पेशा व्यवसायका रुपमा उनीहरु वैदेशिक रोजगारी, परम्परागत पेशाबाट आधुनिक पेशा व्यापार व्यवसाय गर्ने, जागिर खाने, तथा घरायसी सामान बुन्ने, सिलाई कटाई गर्ने आदि काममा  संलग्न हुने गरेका छन । स्वाथ्य स्थिति हेर्दा पहिलेको तुलनामा धेरै नै सकारात्मक परिवर्तन आएको छ । यसैगरी कमलरी महिलाहरु घरेलु तालिममा संलग्न हुने र आय आर्जनमा संलग्न हुने क्रम बढ्दो छ । सरकारी तथा गैरसरकारी संस्थाहरुले निःशुल्क दिने तालिमको कारणले.उनीहरुमा क्षमता विकासका साथै अर्थोपार्जनमा संलग्न हुने संख्या बढ्दो छ । यसैगरी अध्ययन क्षेत्रका कमलरीहरु खेलकुद,

मनोरञ्जनका क्षेत्रमा पनि आफूलाई सहभागि गराउँदै आएका छन् । अध्ययन क्षेत्रमा हप्ताको एक दिन लाग्ने साप्ताहिक मंगलबारे भैसी वजारको प्रभावले यहाँका कमलरी महिलाहरुको आर्थिक क्रियाकलापमा सक्रियता बढेको पाउन सकिन्छ । जसबाट उनीहरुले आफूले घरमा बनाएका सामानको व्यापार गर्ने र आफुलाई चाहिने सामानहरु त्यहाँबाट किनेर ल्याउने प्रचलनले पनि यहाँका मानिसहरुको आय आर्जनमा केही मात्रामा भएपनि सहजता सिर्जना गरेको छ । यसरी अध्ययन क्षेत्रका उत्तरदाताहरु अधिकांशको मुख्य पेशा कृषिमै आधारित रहेर आफ्नो जिविका संचालन गर्ने गरेका छन् ।

### ४.१.३ उमेरको आधारमा उत्तरदाताको विवरण

उमेर अनुसार उत्तरदाताको विवरणको आधारमा पनि के कति उमेरका कमलरीहरुले यस अध्ययनमा सहभागि जनाएका थिए भन्ने बारेमा जानकारी पाउन सकिन्छ । जसलाई देहाय बमोजिमको तालिकाबाट प्रष्ट पार्न सकिन्छ ।

***तालिका १***

***उमेरको आधारमा उत्तरदाताको विवरण***

| उमेर समुह | सख्या | प्रतिशत |
|---|---|---|
| २० वर्ष भन्दा कम | ३ | १० |
| २० देखि ३० वर्ष | १० | ३३ |
| ३० देखि ४० वर्ष | १२ | ४० |
| ४० देखि ५० वर्ष | २ | ७ |
| ५० वर्ष भन्दा माथि | ३ | १० |
| जम्मा | ३० | ५० |

स्रोतः स्थलगत अध्ययन,२०८१

तालिका १ अनुसार अध्ययन क्षेत्रमा उत्तरदाताहरुको उमेर अनुसारको विवरण हेर्दा सबैभन्दा बढि ३० देखि ४० वर्ष उमेर समुहका ४० प्रतिशत रहेको पाइयो । यसैगरी २० देखि ३० वर्ष उमेर समुहका ३३ प्रतिशत रहेको पाइयो । २० वर्ष भन्दा कम र ५० वर्ष भन्दा माथिका जम्मा १०/१० प्रतिशत रहेको पाइयो र यसरी जम्मा ७ प्रतिशत उमेर समुहका ४० देखि ५० वर्ष भित्रका उत्तरदाताहरुले यस अध्ययमा सहभागिता जनाएका थिए भन्न सकिन्छ ।

### ४.१.४ उत्तरदाताको जग्गा जमिनको विवरण

जग्गा/जमिन मानिसको महत्वपूर्ण आम्दानीको स्रोत हो । अध्ययन क्षेत्रमा नेपाल सरकारले जग्गा/जमिनलाई रोपनीमा मापन गरेतापनि यहाँका कमलरीहरुको जग्गा जमिनको विवरण सोध्दा कठ्ठामा मापन गरेको पाइयो । त्यहाँ कठ्ठामा ट्याक्टरले जोत्ने गरिन्छ । कतिपय कमलरीले आफैले गोरु पालेर जोत्ने गरेको पाइन्छ । कमलरीको जग्गा जमिनको विवरण तालिका २ मा प्रस्तुत गरिएको छ ।

***तालिका २***

***उत्तरदातको जग्गाजमिनको विवरण***

| जग्गाजमिनको विवरण | संख्या | प्रतिशत |
|---|---|---|
| जग्गाजमिन नै नहुने | १२ | ४० |
| १० धुर | १० | ३३ |
| १० देखि १५ धुर | ५ | १७ |
| १ कठ्ठा सम्म | ३ | १० |
| जम्मा | ३० | १००.० |

स्रोतः स्थलगत अध्ययन, २०८१

माथिको तालिका २ अनुसार कमलरीको जग्गा जमिनको विवरणलाई उपलब्ध गराइएको छ । जसमा ४० प्रतिशत उत्तरदातासँग कुनै जग्गा जमिननै छैन् । यसैगरी ३३ प्रतिशत उत्तरदाताहरुले १० धुर सम्म जग्गा भएको बताएका थिए भने १७ प्रतिशत उत्तरदाताहरुले जम्मा १० देखि १५ धुर सम्म जग्गा भएको बताएका छन् । यसैगरी १ कठ्ठा जग्गा जमिन हुने कमलरी को प्रतिशत १० प्रतिशतमात्र रहेको पाइयो । जग्गाजमीन मानिसको आर्थिक उपार्जनका साधन मात्र नभई उनीहरुको सामाजिक तथा राजनैतिक हैसियतलाई निर्धारण  गर्दछ । यसरी सामाजिक तथा आर्थिक रुपमा पनि यहाँका कमलरीहरुको जग्गा जमिन माथिको अधिकारको पहुँच न्युन रहेको पाइयो ।

तालिका नं. २ बाट के तथ्य पुष्टी हुन्छ भने अध्ययन क्षेत्रका कमलरीमा २ घरपरिवार बाहेक सबैसँग केहि जग्गाजमिन छ । तर त्यसबाट उत्पादन भएको अन्न/बालीले वर्षभरी  खान नपुग्ने बताए । एकदेखि दुई हल जग्गा/जमिन हुने ४७ प्रतिशत देखिन्छ । त्यस्तै गरि एघार हल भन्दा माथि हुने पनि जम्मा ३ प्रतिशत देखिन्छ । अध्ययन क्षेत्रका अधिकांश घरमा सदस्य संख्या बढी भएकोले आफुसँग भएको जग्गाले खान नपुग्ने कुरा एक व्यक्तिले वताए । अध्ययन क्षेत्रका जम्मा  १५ घरधुरीमध्ये जम्मा ८ प्रतिशत घरमा मात्रै आफुसँग भएको जग्गाले  खान पुग्ने बताए भने  भन्ने बाँकी ९२ प्रतिशतले खान नपुग्ने बताए । यसबाट के पुष्टी हुन आउँछ भने कमलरीसँग प्रशस्त जग्गा जमिन छैन र भएकोले पनि खान पुग्दैन । खाद्यान्न जुटाउनको लागि विभिन्न पेशाहरु अपनाएको पाइयो । त्यसैले वर्षभरिलाई खानको लागि के गरि जुटाउनुहुन्छ त भन्ने प्रश्नमा धैरै घरमा अर्काको जग्गाजमिन कमाएर खान पुऱ्याएको पाइयो भने कतिले काम गरेको ठाउँमा नै काम गरिदिए वापत अन्न लिएर आएर पऱ्ुयाउने गरेको वताए ।  त्यस्तै परिवारको कुनै सदस्य वैदेशिक रोजगारमा गएको

घरमा चामल किनेर खाएर निर्वाह गरेको वताए । माथिको तालिकामा अनुसार अध्ययन क्षेत्रका कमलरीमा के गरि वर्षभरिलाई खान जुटाएका छन् भन्ने कुरा देखाइएको छ ।

***तालिका ३***

***वर्षभरीलाई खाद्यान्न जुटाउनको लागि अवलम्वन गरिएको तरिका***

| **अवलम्बन गरिएको तरिका** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| **ज्यालामजदुरी गरेर** | १८ | ६० |
| **किनेर** | ५ | १७ |
| **ठेक अधियामा जग्गा कमाएर** | २ | ७ |
| **व्यापार व्यवसायको काम गरेर** | ५ | १७ |
| **जम्मा** | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन,२०८१

माथिको तालिका ३ अनुसार अध्ययन क्षेत्रका उत्तरदाताहरु मध्ये ज्याला/मजदुरी गरेर जिविका चलाउनेको प्रतिशत ६० रहेको पाइयो । १७ प्रतिशत उत्तरदाताहरुले किनेर खाद्यान्न जुटाउने गरेको बताए । यसैगरी १७ प्रतिशत उत्तरदाताहरुले व्यापार व्यवसायको काम गरेर र ७ प्रतिशत उत्तरदाताहरुले ठेक अधियामा जग्गा कमाएर आद्यान्नको जोहो गर्ने गरेको बताएका थिए । यसरी हेर्दा कमलरीहरु सवैभन्दा वढी आफुलाई खान जुटाउन अर्काको जग्गामा भर पर्नु परेको देखियो । आफुसँग जग्गा जमिन थोरै भएको तर काम गर्ने श्रमशक्ति धेरै भएकोले अर्काको जग्गा जमिन कमाउनु परेको उनीहरुले वताए । अन्न उव्जनी त्यति धेरै भएन भने ठेक्कामा बोलेको जति पुयाउनै पर्ने भएकोले घाटा पनि हुन जान्छ तर पनि घाँस परालको लागि भएपनि अर्काको जग्गा कमाउनै पर्ने बाध्यता भएको वताउँछन् ।

**४.१.५ उत्तरदाताको प्रमुख आयस्रोत**

अध्ययन क्षेत्रका मानिसहरु जीविको पार्जनका लागि विभिन्न पेशाहरुमा संलग्न रहेको पाईयो पेशागत आम्दानीको मुख्य स्रोत तालिका ४ मा प्रस्तुत गरिएको छ ।

***तालिका ४***

***अध्ययन क्षेत्रका कमलरी हरुको मूख्य पेशाको विवरण***

| **मूख्य पेशा** | **संख्या** | **प्रतिशत** |
|---|---|---|
| **ज्यालादारी** | ७ | २४ |
| **कृषि/पशुपालन** | १२ | ४१ |
| **व्यापार** | ७ | २४ |
| **सिलाई/बुनाई** | ४ | १४ |
| **जम्मा** | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन,२०८१

तलिका ४ अनुसार जम्मा ४१ प्रतिशतले मात्रै आम्दानीको लागि कृषि पेशामा भर परेको पाइयोे भने ज्याला मजदुरी गर्नेको प्रतिशत २४ रहेको छ । व्यापारलाई मुख्य पेशा बनाउनेहरुको प्रतिशत २४ रहेको छ भने सिलाई बुनाई गरी जिविको पार्जन गर्नेहरुको प्रतिशत जम्मा १४ रहेको छ । यसरी हेर्दा अध्ययन क्षेत्रका कमलरीहरुले विभिन्न पेशा व्यवसाय गरी आफूलाई सक्षम सावित गर्ने गरेको पाइयो । यसरी हेर्दा उनीहरु कमलरी मुक्त भएपनि आफूले नै स्वतन्त्र भएर पेशा व्यवसाय गर्न पाउँदा अत्यन्तै हर्षित र रमाइलो लागेको बताएका थिए भने कतिपय उत्तरदाताहरुले कमलरी प्रर्थामा आफूलाई कुनै पिर चिन्ता नहुने गरेको बताएका थिए ।

### ४.१.६ पशुपालन

अध्ययन क्षेत्रका उत्तरदाताहरुले कृषिका अतिरिक्त पशुपालन गरेको पाइयो । पशुपालनमा गाइर्, वाख्रा, गोरु, कुखरा, सुगुर, भैसी, राँगो पालेको पाइयो । जसलाइ तालिका ६ मा देखाइएको छ ।

*तालिका ५*

*उत्तरदाताहरूले पालेको पशुपालनको विवरण*

| पशुपन्छीको विवरण | जम्मा | प्रतिशत |
|---|---|---|
| सुगुर | २० | ६७ |
| कु्खुरा | २ | ७ |
| बाख्रा | ३ | १० |
| भौसी, पाडा/पाडि | २ | ७ |
| गाई | १ | ३ |
| राँगो | २ | ३ |
| जम्मा | ३० | १००.० |

स्रोतः स्थलगत अध्ययन,२०८१

माथिको तालिका ५ अनुसार अध्ययन क्षेत्रका मानिसहरुले गाइभैसी भन्दा पनि वढि सुगुर पाल्ने गरेको पाइयो । कुखुरा सुगुर फोहोर पनि खाने र अन्न पनि धैरै खुवाउन नपर्ने भएकोले यसलाई पाल्न सजिलो भएको उनीहरुले बताए । यसरी हेर्दा कुखुरा तथा सँुगुरको पाल्नेको सामाजिक तथा आर्थिक महत्व धैरै देखिन्छ । सामाजिक संस्कारहरु जस्तै देवीदेवतालाइ भाकल गर्न, परपाहुनालाई खुवाउन चाहिने भएकोले र थोरै लगानीले छिटो उत्पादन दिने भएकोले र चाहिएको वखत तुरुन्त वेच्न सकिने भएकोले

पनि कुखुरा तथा सँगुरपालनमा कमलरीको मोह वढेको देखिन्छ । त्यस्तै पाडापाडी मात्रै पाल्नेहरु पनि धेरै भेटिए । यहाँ साहुकहाँवाट पाडी ल्याएर पाल्ने र भैसी तुल्याएर वेचेको पैसा आधा आधा वाँड्ने चलन रहेको पाईयो । यसरी पालिने वस्तुहरुलाई खुवाउने अनाज भने साहुले नै वेहोर्नुपर्ने चलन रहेको उत्तरदाताहरु वताउँछन् । अध्ययन क्षेत्रका कमलरीमा प्रशस्त जग्गाजमिन छैन तर पनि जग्गाजमिन हुनेहरुको बाहुनहरुको जग्गा/जमिन नै कमाएर भएपनि पशुपन्छीको लागि आहारा जुटाएको पाइयो ।

**४.१.७ पारिवारिक संरचना**

यस भेगका कमलरीको परिवार भन्नाले एउटै धुरीमा वसी एउटै भान्सामा खाना खाने आमा वावु छोरा छोरी रहेको समुहलाई वुझ्दा रहेछन् । यस क्षेत्रका परिवार एकल र संयुक्त गरि दुई प्रकारमा विभाजित भएको पाइयो । एकल परिवारमा वावु आमा र अविवाहित छोराछोरी मात्रै रहेका छन् भने संयुक्त परिवारमा वावु आमा छोरा छोरी वाहेक अविवाहित छोराछोरी हजुरवुवा हजुरआमा नाति नातिनी तथा अन्य सदस्यहरु एकै ठाउँमा वसेर एउटै भान्सामा खाना खाने गरेको पाइयो । तीन घरमा वुहारी मात्रैले छुटै अलग चुलो बाली खाना खाने गरेको पनि अवलोकन क्रममा भेटियो । उसको श्रीमान र छोराछोरीले सासु ससुरासँग खाने तर वुहारीले मात्रै अलग खाएको देख्दा किन यस्तो त भनेर सोधिएको प्रश्नमा उनीहरुको एउटै उत्तर थियो, काममा हिड्नुपर्ने टन्न नखाएसम्म काम गर्न नसकिने तर भाँडामा वुहारीको भाग रहेपुगे मात्रै खान पाइने र तरकारीमा पनि पछि नुनपानी थपिएको खानुपर्दा कठिन भएकोले अलग खानुपरेको बताए तर यसरी खानमा ससुराको र श्रीमानको सहमति नै रहेको वताए । तर उनीहरु आफुलाई छुटिएको भन्न चाहेनन् । यहाँको कमलरीमा पनि चुलो अलग भएपनि उनीहरु आफुलाई छुट्टिएको

मान्दैनन् । अध्ययन क्षेत्रको कमलरीको पारिवारीक संरचनाको विवरण  तालिका ८ मा प्रस्तुत गरिएको छ ।

***तालिका ६***

***परिवार संख्याको विवरण***

| पारिवारीक संरचना | घरधुरी संख्या | प्रतिशत |
|---|---|---|
| एकात्मक परिवार | ५ | १७ |
| सयुंक्त परिवार | २५ | ८३ |
| जम्मा | ३० | १००.० |

स्रोतः स्थलगत अध्ययन,२०८१

तालिका ६ मा एकात्मक परिवारको प्रतिशत १७ र संयुक्त परिवारको संख्या ८३ रहेको पाइयो । यसरी अध्ययन क्षेत्रको कमलरीमा एकात्मक परिवार भन्दा संयुक्त परिवारमा वस्ने वढी पाइयो । मुख्य कारण कमलरीको जग्गा जमिन प्रशस्त नभएकोले छुट्टीँदा त्यहि भएको जमिन पनि टुक्रने हुँदा र वर्षभरी खाना पुऱ्याउन, अर्काको जमिन कमाउन पाखुराको भरमा नै जीवन निर्वाह गर्नुपर्ने वाध्यता भएकोले एकल परिवारमा भन्दा संयुक्त परिवारमा नै वस्ने गरेको वताए । यसको अलावा वालवच्चा हुर्काउन र साँझ विहान निमेकमा हिँड्न पनि संयुक्त परिवारमा रहँदा सजिलो हुने उनीहरुको अनुभव छ ।

## **४.२ मुक्त हुनु अघिको जिविकोपार्जनको अवस्था**

२०७० साल जेठ १९ गते कम्लहरीको काठमाण्डौँ केन्द्रित आन्दोलन भयो । अन्ततः नेपाल सरकारसित १० बुँदे सहमति भयो। त्यसैको फलस्वरुप २०७० साल असार १३ गते नेपाल सरकारद्वारा कम्लहरी मुक्तिको घोषणा भयो । कम्लहरी रहेका पाँच जिल्लामध्ये कुल १२७४ कम्लहरीहरू अहिले विद्यालय तथा क्याम्पसमा अध्ययनरत

रहेको देखिएका छन् । विद्यालय र क्याम्पसमा पढ्ने कम्लहरी संख्यामा भने बर्दिया अग्रणी रहेको छ । त्यहाँ ३७० जना क्याम्पस र विद्यालयमा अध्ययनरत रहेका छन् । त्यसपछि कैलाली दोस्रो र दाङ्ग तेस्रोमा आउँछ । कैलालीमा ३६७ र दाङ्गमा ३१२ अध्ययनरत छन् । कम्लहरीको लागि जम्मा ५ वटा छात्रावास खुलेको छन् । जसमा दुईवटा दाङ्गमा, दुईवटा कैलालीमा र एउटा कञ्चनपुरमा । सबैभन्दा धेरै कैलालीमा, ८५ जना कम्लहरीहरू छात्रावासमा बसेर अध्ययन गरिरहेछन् । त्यसपछि ६२ जना दाङ्गको छात्रावासमा बसेर अध्ययनरत छन् । बाँकी १९ जना कञ्चनपुरको छात्रावासमा छन् । अभिभावकविहीन कम्लहरीको लागि छात्रावास महत्वपूर्ण आवास भएको छ ।

सामान्य अर्थमा भन्नुपर्दा कुनै पनि व्यक्ति, समुदाय वा वर्गले आफ्नो दैनिक आवश्यकता पूरा गर्नको लागि गरिने क्रियाकलाप नै जिविकोपार्जन भन्ने बुझिन्छ । यसलाई अझ अर्को शब्दमा जिविकोपार्जन भन्नाले जिवन चलाउने अपनाइने क्रियाकलापहरु भन्ने बुझिन्छ । यसको लागि प्रत्येक समुदायमा उनीहरुको परम्परागत पेशा, व्यवसाय मार्फत यो प्रभावित हुने गर्दछ । ग्रामिण क्षेत्रको जिविकोपार्जन प्राय कृषिमा आधारित रहेको हुन्छ भने शहरी क्षेत्रमा रोजगारी, व्यापार र शारिरीक श्रममा आधारित रहेको हुन्छ । यस अ्ध्ययनमा पनि मुक्त कमलरीको जिविको पार्जनको अवस्थाको बारेमा चर्चा गर्नुपर्दा परम्परागत रुपमा खेती प्रणालीमा आधारित रहेको पाइन्छ यद्यपि पछिल्लो समयमा पेशा व्यवसायमा परिवर्तन आउँदै गएको कुरा स्वयमं उत्तरदाताहरुले बताएका छन् । यसै विषयमा एक जना उत्तरदाता सुक्षमा चौधरीले आफू कमलरी मुक्त भएको ७ वर्ष भएको र अहिले दैनिक ज्यालादारी गरेर वस्दै आएको बताइन । पहिले भन्दा अहिले आफू राम्रो लागेको किनकी कमलरी बस्दा कुनै सामान विगार्यो भने गाली गर्ने, नराम्रो गाली खानु पर्दथ्यो । मालिकका छोरा छोरीको हेरचाह

गर्नुपर्ने, घरको सरसफाई गर्नुपर्दथ्यो । अहिले त्यस्तो वन्धनमा वस्नु परेको अवस्था छैन् । अहिले आफै ४/५ सय रुपैया दैनिक कमाउन सक्ने र आफूलाई मनलागेको खान र नयाँ लुगा किनेर लाउन पाएको बताईन छु । यसमा आफू निकै खुशि भएको बताईन । आफ्नो पढाई स्नातक सम्म भएको । हाल दैनिक ज्यालादारीले मेरो गुजारा चलेको छ । यसैगरी अर्की उत्तरदाता देवानी चौधरीले आफ्नो शिक्षा कक्षा ५ सम्म मात्र रहेको र आफू कमलरी मुक्त भएको १० वर्ष भन्दा बढि भैसकेको छ । आफूलाई कमलरी बस्दा दुःख लागे पनि बाध्यताले वस्नु परेको बताइन । साहुको गाली र कहिले काही त मालिक/मालिकनीबाट कुटाई समेत खानु परेको अवस्था थियो । वर्षको १ पटक नयाँ लुगा दिने, घुम्न पनि नलैजाने गर्दथे । उनीहरुले मिठो खाए पनि आफूलाई भने नदिने गर्दथे । घरको सरसफाई लगायतका सबै काम गर्नुपथ्र्यो, विहान सबेरै उठ्ने सबै काम गर्नु पथ्र्यो र आराम भने खासै गर्न पाइदैनथ्यो । विहान जाडो समयमा धेरै लुगा धुनु पर्दा अलि गाह्रो महशुस हुन्थ्यो । कमलरी बाट मुक्त भएपछि अहिले आफैले सिलाई/कटाईको तालिम लिए पश्चात दैनिकी संचालन गर्न सहज भएको छ । यसैमा आफूलाई खुशी लागेको छ ।

### ४.२.१ उत्तरदाताहरूको सामाजिक अवस्था

अध्ययन क्षेत्रका कमलरीहरूमा विगतको तुलनामा धेरै परिवर्तन आएको छ । यो परिवर्तन आफैँ आएको होइन, यसका लागि उनीहरूले धेरै नै संघर्ष गर्दै आइरहेका छन् । पछिल्लो समयमा आएको राजनीतिक परिवर्तनको कारण पनि भन्न सकिन्छ ।

### ४.२.२ उत्तरदाताको आर्थिक अवस्था

यहाका मानिसहरु जीविकोपार्जनको लागि विभिन्न पेशाहरुमा संलग्न रहेको पाईन्छ । मुख्य पेशाको रुपमा कृषि, पशुपालन अर्थात खेतीपाती गरेको पाईयो । उर्वर

भूमि हुनु, सिँचाइको सुविधा हुनुले पनि यहाँका मानिसहरुलाई खेतिपाति गर्न सजिलो भएको पाइयो ।  यस गाउँको मुख्य खेतीमा धान, मकै, गहुँ,  तोरी, आलु आदि हुन् भने फलफुलहरुमा केरा, नास्पाती, आदि रहेका छन् । तर अध्ययन क्षेत्रका कमलरीमा प्रशस्त जग्गा/जमिन नभएको पाइयो । भएको पनि अलि रुखो भएको त्यहाँका स्थानीयहरुले बताए । यहाँका मानिसहरुको बुझाइमा रुखो भन्नाले सबै मौसमको अनाज नफल्ने, सिँचाइ सुबिधामा कठिनाइ रहेको जग्गालाई जनाउँछ  । त्यसैले गर्दा खेतीपातीबाट नै वर्षभरी खान नपुग्ने बताए ।  यस गाउँमा वसोवास गर्ने कमलरीहरुको अर्को मुख्य पेशा पशुपालन हो । पशुपालनमा गाई गोरु सुँगुर भैँसी कुखुरा पाल्ने गरेको पाईयो ।

अध्ययन क्षेत्रमा समुदायका अधिकांससँग आफुलाई वर्षभरि खान पुग्ने जग्गाजमिन पनि छैन भएको जग्गा जमिनमा पनि त्यति उव्जनि नहुने र रुखो, सिचाई गर्न गाहो हुने खेतहरु रहेको पाईयो । अध्ययन क्षेत्रका ३० घरधुरी मध्ये ४ प्रतिशतसँग त जग्गा जमिन नै छैन तर पनि उनीहरु आँफुलाइ चिनाउँदा कृषक नै भनेर चिनाउँछन् र आफ्नो  मुख्य पेशा कृषि नै भएको बताए । यसरी आफ्नो जग्गा/जमीन प्रशस्त नभएको हुँदा उनीहरु अर्काको जग्गा/जमिन ठेक अधियामा कमाएका छन् भने कतिले अर्काको घरमा गएर पनि खेतवारीमा नै काम गरेर आफ्नो छाक टार्ने गरेको पाइयो ।

### ४.२.३ कृषिमा निर्भरताको अवस्था

अध्ययन क्षेत्रका अधिकांश उत्तरदाता महिला घरधन्दा भ्याएर पनि कृषि कार्यमा समावेश भएको पाइयो । महिलाहरुको व्यापक सहभागिता रहँदारहँदै पनि अध्ययन क्षेत्रका महिला र पुरुषले समान कामका लागि समान काम गर्दा पाउने ज्यालादरमा भने भिन्नता पाईयो । पुरुषले दिनभरिमा १००० रुपैया कमाउँदा महिलालाई दिनभरिमा जम्मा ८००

रुपैयाँ दिइँदोरहेछ । यसै सन्दर्भमा एक जना उत्तरदाताले बताए, पुरुष भनेको पुरुष नै हो उसका हात पाखुरा दरा हुन्छन आईमाई मान्छेले जति काम गरेपनि पुरुषले जति गर्न सक्दैनन् । त्यस्तै कामको चाप नभएको बेला यीनीहरुको ज्यालादर घट्दो रहेछ, हिउँदको समयमा खेतवारीमा काम कम हुँदा मोलमोलाइ गरि कम मुल्यमा समेत काम गर्न वाध्य हुन्छन् । १००० ज्यालादर रहेकोमा ८०० मात्र पाउँदा पनि काम गर्न बाध्य हुन्छन् । किन यति थोरैमा काम गर्नुहुन्छ त भन्ने प्रश्नमा एक उत्तरदाता भन्दछन्- घरमा त्यतिकै बस्नु भन्दा त्यति नै भएपनि साथसाथै खान पनि पाइने हुँदा एक छाक भएपनि घरको खाना बच्छ । त्यस्तै कामको हतारोको वेला असार र मंसिर जस्तो बेलामा तोकिएको ज्यालादर भन्दा वढि पनि कमाउँछन् । यस अध्ययन क्षेत्रमा घरको खेतीपाती अन्न उब्जाउने काममा महिला पुरुषको सहभागिता के कस्तो रहेको छ भन्ने तालिका ५ ले बताउँछ ।

***तालिका ७***

***अन्न उब्जाउने काममा महिला पुरुष सहभागिताको विवरण***

| सहभागिता | संख्या | प्रतिशत |
|---|---|---|
| महिला | १२ | ४० |
| पुरुष | ८ | २७ |
| दुवै | १० | ३३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन,२०८१

माथिको तालिका ७ अनुसार ३३ % महिला पुरुष दुबै मिलेर कृषि कार्यमा लागेको पाईयो भने ४०% महिला मात्रै र २७ % पुरुष मात्रै सहभागि रहेको पाईयो । वैदेशीक

रोजगारीमा गएका घरमा महिला मात्रैले कृषि कार्य गरेको भेटियो जम्मा एक घरमा पुरुष मात्रै कृषि कार्यमा लागेको पाइयो । बाँकी एक घरमा कृषि कार्य नै नगरेको पाइयो । यसरी हेर्दा उक्त समाजमा महिलाको खेतीपाती कार्यमा सहभागिता उल्लेख्य रहेको पाइयो ।

### ४.२.४ पशुपालनमा निर्भरताको अवस्था

अध्ययन क्षेत्रका कमलरी महिलाहरुको पशुपालनको रेखदेखमा र पशुपालनबाट आफ्नो गुजारा चलाउँदै आएको पाइन्छ । जस्तो पशु/चौपायाको स्याहर र सुसारबाट उनीहरुको जिविका चलाउन सहयोग पुगेको छ । घाँस काट्ने, गोवर फाल्ने, पात/पतिङ्गर सोहोर्ने काम यहाँका महिलाहरुले आफै गर्दछन् । कहिलेकाहिँ पुरुषहरुले पनि महिलाहरुलाई सहयोग गरेको पाईयो तर यसबाट आएको पैसा श्रीमानको नेतृत्वमा रहने कुरा स्थानीयले बताए । कतिपय महिलाले त आफ्नो पेवाको रुपमा बाख्रा, कुखुरा, हाँस पाल्ने गरेको पाइयो । उनीहरुले आफ्नै कमाईले मात्र किन्ने र त्यसबाट आएको पैसा पनि कसैलाई नदिने गर्दा रहेछन् । धैरै जसो महिलाले माइतीवाट ल्याएको दुई चार पैसा र काम गरेर ल्याएको दुइ चार पैसा जोडेर पेवाको रुपमा बाख्रा, कुखुरा, हाँस पाल्ने गरेको पाइयो । उनीहरुले यसवाट आएको पैसा पनि चुराधागो आदिमा आँफुखुसी खर्च गर्ने गरेको वताए । यसले के देखाउँछ भने स्वामित्व महिलामा हुँदा त्यसको नियन्त्रण पनि महिलाले नै गर्दा रहेछन् । यदि महिलाको स्वामित्वमा छैन भने त्यसको नियन्त्रण महिलाको हुँदो रहेनछ ।

***तालिका ८***

***पशुपालन रेखदेखमा उत्तरदाताको सहभागीता***

| परिवारका सदस्य | संख्या | प्रतिशत |
|---|---|---|
| बावु | ५ | १७ |
| आमा | ८ | २७ |
| छोरा/छोरी | ३ | १० |
| परिवारका सवै सदस्य | १४ | ४७ |
| जम्मा | ३० | १००.० |

स्रोतः स्थलगत अध्ययन,२०८१

तालिका ८ मा के देखिन्छ भने पशुपालनको रेखदेखमा सवैभन्दा वढी परिवारका सवै सदस्यहरु ४७ प्रतिशत संलग्न भएको पाइयो । यस अध्ययन क्षेत्रमा धैरै जसो संयुक्त परिवार रहेकोले परिवारमा जो घरमा रहेको मौका पर्दछ उसैले वस्तुलाई पानी पराल दिने गरेको पाईयो । महिलाहरुको सहभागिता २७ प्रतिशत रहेको छ जबकी पुरुषको सहभागिता प्रतिशत जम्मा १७ छ । अवलोकनका क्रममा यस समाजमा वावुले घरमा अरु सदस्य भएसम्म आँफुले काम गर्नुभन्दा पनि छोराछोरी र श्रीमतीलाई काम लगाउने गरेको पाईयो । जुन कुरा हरेक पितृसत्तात्मक समाजमा पाउन सकिन्छ । यस समुदायमा पशुपालनको रेखदेखमा पनि महिला र पुरुषको बीचमा श्रम विभाजन रहेको पाईयो । सामान्यतया, गोवर सोहोर्ने, पातपतिंगर वटुल्ने, घाँस काटने काममा महिलाहरु सहभागिता रहेको पाईयो भने गाईवस्तु दुहुने, चराउन लैजाने, डालावुटा झार्ने जस्ता काम पुरुषहरुले गर्ने गरेको भेटियो ।

### **४.२.५ उत्तरदाताको शिक्षाको अवस्था**

यहाँका मानिसहरुमा शिक्षा प्रति लगाव रहेको देखिन्छ । शिक्षाले जिविकोपार्जनमा सहयोग पुऱ्याउँने ठान्दा रहेछन् । निर्णय प्रक्रियामा पनि शिक्षाले महत्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ । अध्ययन क्षेत्रको शैक्षिक अवस्था हेर्दा फरक फरक रहेको पाईयो । अहिले सरकारले कमलरीको शैक्षिका स्थिति सुधार गर्ने हेतुले विभिन्न छात्रवृत्तिहरु प्नि दिइराखेको छ । तर पनि यस अध्ययन क्षेत्रका कमलरीहरुको शैक्षिक स्थिति कमजोर नै रहेको पाइयो । अध्ययनका क्रममा अभिभावक मीनवहादुर भन्दछन् "हामीहरु जति पढे पनि माथि जान दिँदैनन् आखिर जे छ त्यसै कृषिकार्यमा लाग्ने हो, दुई चार अक्षर पढेर हरहिसाव गर्न जाने भई हाल्यो वढ्ता पढ्नु पर्दैन । सवै अभिभावकले आफ्ना छोराछोरीलाई विद्यालय त पठाएका छन् तर उपलव्धी भने देखिएन । विचमै पढाई छाड्नेहरु धैरै भेटिए । अध्ययन क्षेत्रका कमलरीको शिक्षाको स्थितिलाई तालिकामा प्रस्तुत गरिएको छ ।

***तालिका ९***

***उत्तरदाताको शिक्षाको विवरण***

| शिक्षाको तह उत्तरदाताको | संख्या | प्रतिशत |
|---|---|---|
| साक्षर | ८ | २७ |
| निरक्षर | २ | ७ |
| प्राथमिक | ५ | १७ |
| निम्न माध्यमिक | ७ | २४ |
| माध्यमिक | ५ | १७ |
| उच्च माध्यमिक | २ | ७ |
| स्नातक | १ | ३ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन,२०८१

तालिका ९ का अनुसार निरक्षरको संख्या २७ प्रतिशत पाइयो । यसैगरी २४ प्रतिशत उत्तरदाताहरुले निम्न माध्यमिक सम्म अध्ययन गरेको पाइयो, १७ प्रतिशत उत्तरदाताहरुले प्राथमिक, माध्यमिक तह सम्मको अध्ययन पूरा गरेको पाइयो भने ७ प्रतिशत उत्तरदाताहरुले उच्च शिक्षा सम्म अध्ययन गरेको पाइयो यसैगरी स्नातक सम्म अध्ययन गरेका उत्तरदाताहरु ३ प्रतिशतमात्र रहेको पाइयो । यसरी हेर्दा अध्ययन क्षेत्रमा शिक्षा प्रतिशको धारणा खासै सकारात्मक नभएको, विद्यालय जानुपर्दछ शिक्षित हुनुपर्दछ भन्ने धारणा खासै नरहेको पाइयो ।

## ४.३ कमलरी मुक्त पश्चात जीविकोपार्जन पेशामा आएको परिवर्तन

जीवन जीउनको लागि गाँस, बाँस, कपास आवश्यक परे जस्तै जीविकोपार्जनका लागि कार्य गर्न पनि महत्वपूर्ण हुन्छ । यसको लागि कुनै पनि काम गरेर त्यसबाट आर्थिक आम्दानी गरी जीवन निर्वाहको लागि चाहिने आवश्यक सामग्रीहरु किनेर जीवन चलाउनु पर्ने हुन्छ । आफ्नो जीवन चलाउनका लागि मानिसले केही न केही काम गर्नु पर्ने हुन्छ ।

***तालिका १०***

***उत्तरदाताको पेशामा आएको परिवर्तनको विवरण***

| जिवन निर्वाह लागि गरेको कार्य उत्तरदाताको | संख्या | प्रतिशत |
|---|---|---|
| ज्याला मजदुरी | ८ | २७ |
| सरकारी ऋण लिई, व्यापार गर्दै | २ | ७ |
| सीप तालिम लिई, व्यवसाय गर्दै | १३ | ४३ |
| कृषि कार्य गरेर | ७ | २४ |
| जम्मा | ३० | १०० |

स्रोतः स्थलगत अध्ययन,२०८१

माथिको तालिका नं. १० का अनुसार मुक्त भए पछि कमलरीहरु सबैभन्दा बढि सीप तालिम सिकेर व्यवसाय गर्दै गरेको पाइयो । यसैगरी ज्याला मजदुरी गर्नेको २७ प्रतिशत, कृषि कार्य गरेर २४ प्रतिशत र सरकारी ऋण लिई, व्यापार गर्नेको ७ प्रतिशत रहेको छ । यसरी हेर्दा मुक्त भएपनि कमलरीहरुले आफ्नै स्वतन्त्र पेशा व्यवसाय संचालन गर्दै जिविकोपार्जनमा सहभागि भएको पाइन्छ ।

कमलरी मुक्त भएर उनीहरुले स्वतन्त्र रुपमा आफ्ना जीवन गुजारा गर्नका लागि पेशा, व्यापार, व्यवसाय छनोट गर्ने अवसर पाए विभिन्न संघ /संस्थाको सहयोगबाट उनीहरु कतिले कृषि सम्बन्धि तालिम प्राप्त गरेर त्यसबाट केहीले कृषिमा राम्रो गरेको पाउन सकिन्छ । कतिले सरकारी वा सरकारी संस्थाबाट ऋण लिई बाख्रापालन, कुखुरापालन जस्ता व्यवसाय गर्न थालेको पाइन्छ र सीप, तालिम प्राप्त गरेर सीपलाई, बुनाई, व्युटिपार्लर, होटल, खोलि व्यवसाय गरेको पाइन्छ । हाल मुक्त कमलरी महिलाहरु विविध पेशामा संलग्न भएर जीविकोपार्जन गरिरहेको पाइन्छ । जसले गर्दा जीवनस्तरमा परिवर्तन आएको देखिन्छ ।

### ४.३.१ कमलरी महिलाहरुको घरायासी निर्णय प्रक्रियामा आएको परिवर्तन

हरेक समुदायमा महिला र पुरुषको काम गर्ने आ-आफ्नो क्षेत्र रहेको हुन्छ । जसलाई मानिसले सामाजिकीकरणको माध्यमवाट सिक्ने गर्दछन् । यसलाई सामाजिक मुल्य मान्यताले प्रभाव पारेको हुन्छ । अध्ययन क्षेत्रका उत्तरदातामा पनि महिला र पुरुषको घरायासी काममा हुने सहभागिताको क्षेत्र फरक-फरक रहेको पाईन्छ जसलाई उनीहरुको परम्परागत मुल्य मान्यताले र सामाजिकीकरणको प्रक्रियाले प्रभाव पारेको पाइयो । घरायासी काममा हुने सहभागिताको वारेमा विस्तृत रुपमा ब्याख्या गरिएको छ ।

### ४.३.२ घरमा हुने विभिन्न काममा महिला पुरुष सहभागिता

महिलाहरुको कार्य समयको गणना सामान्य किसिमवाट र घाण्टाको मापनबाट गर्नु न्यायसंगत हुदैन । महिलाहरुले २ वा २ भन्दा वढि काम एकैचोटी गर्ने गरेको सन्दर्भमा उनीहरुको वास्तविक कार्यवोझ पहिचान गर्न विशेष तरिका अपनाउनुपर्दछ । एकजना महिलाले वाहिर भित्र काम गर्दा वच्चा/वच्चीको हेरचाह गर्ने, खाना पकाउने, लुगा धुने जस्ता सँगसँगै गरिने कामले उनीहरुको कार्य समय सामान्य देखिए पनि कार्यवोझ उच्च देखिन्छ । महिलाहरु घरायासी कार्यमा पुरुषको तुलनामा बढि नै लागि परेका हुन्छन् । महिलाहरु घरलाई मुख्य कार्यथलो बनाउन बाध्य हुन्छन् । यो स्थिति उत्तरदाताहरुमा पनि देखियो । छलफलको क्रममा तपाइँकहाँ के कस्ता काम महिलाले गर्ने गरेको र के कस्ता काम पुरुषले गर्नेगरेको पाउनुहुन्छ भन्ने प्रश्नमा निम्न उत्तर पाईयो ।

त्यस्तै घरायसी काममा भएको विभाजन जस्तै निर्णय गर्ने कुरामा पनि फरक पर्ने गरेको पाईयो । खानामा के खानेरु कुटानी पीसानीमा को जानेरु वच्चावच्चीलाई कुन लुगा लगाईदिनेरु चाडपर्वमा कसरी सामान जुटाउने जस्ता कुरामा महिलाले निर्णय गर्ने भएपनि घरमा उत्पादित सामान विक्री वितरण गर्ने, पशुपन्छी बेचविखन गर्ने, कसको घरमा काम गर्न जाने जस्ता कुरामा पुरुषको निर्णय हुने गरेको कुरा सामुहिक छलफलमा वताउँछन ।

### ४.३.३ सरसफाईमा रहेको सहभागिता

सरसफाई पनि समाज र संस्कृतिको एउटा पाटो हो । यस अध्ययन क्षेत्रका उत्तरदाताहरुमा त्यती सफा/सुुग्घर भएको देखिएन । पुराना पुस्तामा भन्दा नयाँ पुस्ता सरसफाई सम्वन्धमा सचेत भएको पाइयो । वुढापाकाहरुले खाना खाँदा हात नधोइकनै खाने, लगाएको लुगा पनि मैला देखियो भने युवा/युवतीमा यस कुरामा अलि सचेत रहेको देखियो । बुढाबुढी मात्र भएको घरमा भन्दा स्कुले केटाकेटी भएको घर सफा देखियो ।

यसले शिक्षाको प्रभाब परेको भन्न सकिन्छ । सरसफाई गर्ने कार्यमा परिवारमा रहेका सदस्य संख्याको  सहभागिताको स्थिति तालिकावाट पुष्टी गर्न सकिन्छ ।

***तालिका ११***

***सरसफाई गर्ने कार्यमा भएको सहभागिताको विवरण***

| सदस्यहरु | संख्या | प्रतिशत |
|---|---|---|
| आमा | ५ | १७ |
| छोरा | १० | ३४ |
| छोरी | ४ | १३ |
| बाबु | ११ | ३७ |
| जम्मा | ३० | १००.० |

स्रोतः स्थलगत अध्ययन,२०८१

तालिका ११ मा सवै भन्दा वढि ३७ प्रतिशत बाबुले सरसफाईमा संलग्न भएको देखिन्छ । आमाको प्रतिशत १७ रहेको छ भने छोराको संलग्नता जम्मा ३४ प्रतिशत देखिन्छ । सरसफाई गर्ने काम आमा वा छोरीहरुले मात्र गर्नु पर्छ भन्ने  परम्परागत सोचमा विस्तारै परिवर्तन आउँदै गएको देख्न सकिन्छ । पुरुषले कुचो छुन नहुने भन्ने परम्परीत मान्यतमा व्यापक परिवर्तन आउन थालेको देख्न सकिन्छ ।

### ४.४ सामाजिक सांस्कृतिक निर्णयमा आएको परिवर्तन

अध्ययन क्षेत्रका उत्तरदाताहरुमा परम्परागत पेशा व्यवसायसँगै सामाजिक मुल्य र मान्यता तथा सांस्कृतिक पर्व मान्ने कार्यमा पनि परिवर्तन आएको स्पष्ट रुपमा देख्न सकिन्छ । जस्तो उनीहरुले मान्ने चाँडपर्वमा पनि खर्चिलो े, भोजभतेर गर्ने, इष्टमित्र लाई बोलाउने र महिनौ सम्म रमाईले गर्ने क्रम बढ्दो क्रममा रहेको जस्तो जन्म दिन मनाउने,

विवाह उत्सव मनाउने जस्ता कार्यहरु गर्दै आएको पाइन्छ । यसैगरी दशैं, तिहार, माघि, पर्वमा उनीहरुको विशेष चाढ भएकोले यस पर्वमा निकै खर्च तथा धुमधाम सँग मनाउने गर्दछन् । थारु समाजमा माघी पर्वलाई विशेष रुपमा मनाउने गर्दछन् । पछिल्लो समयमा थारु संस्कृतिलाई अन्य समुदायका मानिसहरुले पनि अभिरुची पूर्वक सहभागि हुने र उनीहरुको संस्कृतिलाई आफ्नो जस्तै मनाउने प्रचलन बढेर गएको पाउन सकिन्छ ।

### ४.५ आर्थिक निर्णयमा आएको परिवर्तन

कमलरी महिलाहरुको सामाजिक आर्थिक अवस्था कस्तो रहेको छ त भन्ने प्रश्नमा यहाँका महिला भन्दछन् समाजमा अपहेलित भएर वस्नुपरेपछी सामाजिक स्थिति कस्तो छ भन्नु रु समाजमा हुने सामाजिक कार्यमा सहयोग गर्नपरेको बेला आँफै जानुपर्छ तर भोज खान जानुपर्यो भने आफु जान सुहाँउदैन श्रीमान नै जानुपर्छ यसले पनि त्यहाँका कमलरीको महिलाको स्थिति त्यति वलियो नभएको वताउँछन् । कुलो वन आदी विषयमा वैठक वस्नुपर्दा छलफल गर्नुपर्दा घरवाट को जानुहुन्छ त भनेर सोधिएको प्रश्नमा यहाँका कमलरी महिलाहरु आफुलाई त्यति फुर्सद नहुने र श्रीमान नै जाने भएकोले आँफुलाई त्यति चासो नभएको वताए । समग्र कमलरी महिलाको आर्थिक स्थिति कमजोर रहेकोमा कमलरी महिलाहरुको स्थिति झनै कमजोर देखियो । सँगसँगै दिनभरी एकै समयमा एकै किसीमको काम गर्दा पनि उनीहरुले पाउने ज्यालामा असमानता रहेको गुनासो एक कमलरी महिलाले पोखिन् । घरमा साँझ विहान काम गरेर दिउसोमा श्रीमानसँगै काम गर्न हिँड्नुपर्ने वाध्यता यहाँका धेरै जसो महिलाको छ । महिलाको कार्यबोझ पुरुषको तुलनामा अत्याधिक देखिन्छ । यसरी दुख गरेर कमाएको पैसा पनि के के मा खर्च भयो भनेर एक एक हिसाव श्रीमानलाई वुझाउनुपर्ने, श्रीमानले भने कहाँ खर्च गरेको छ भन्ने पत्तो नै नहुने कुरा एक कमलरी महिलाले बताइन् ।

# अध्याय पाँच

# सारांश तथा निष्कर्ष

## ५.१ सारांश

नेपाली समाजमा पितृसत्ताले सदियौदेखि जरो गाडेर वसेको अवस्था छ । महिलालाई दोस्रो दर्जाको नागरीकको रूपमा लिईन्छ भने कमलरीहरू पनि लैङ्गिक तथा बर्गीय रूपमा पछाडी परेको अवस्था छ । फलस्वरूप उनीहरू भूमिहिन, निर्णय प्रकृया तथा साधन स्रोत र शान्ति सुरक्षामा पहुँच विहीन, लैङ्गिक विभेद तथा घरेलु हिंसा, बलात्कार, बेचविखन र यौन शोषणका सिकार हुन वाध्य हुन परिरहेको अवस्था छ । उनीहरू घरपरिवार र श्रीमानवाट पनि अन्य समुदायका महिला भन्दा पीडित छन् । यति हुँदाहुँदै पनि उनीहरू दुःख/सुख परिवार अनि समाजमा मिलेर बस्न बाध्य हँुदै आएको अवस्था छ । कमलरी महिलाहरूलाई हेर्दा कानुनी अनविज्ञता, चेतनाको कमी, साक्षरताको कमी, साधन स्रोतको कमी, राज्यद्धारा व्यवस्थित भएका कानुनी व्यावस्थाको वारेमा जानकारी नहुनु र शिक्षाको कमी आदि कारणले सबै कमलरीहरु सिमित घेरमा वस्न बाध्य छन् ।

अध्ययन गरिएका ४० प्रतिशत उत्तरदातासँग घर धुरी मात्र छ । यसैगरी ३३ प्रतिशत उत्तरदाताहरुले १० धुर सम्म जग्गा भएको बताएका थिए भने १७ प्रतिशत उत्तरदाताहरुले जम्मा १० देखि १५ धुर सम्म जग्गा भएको बताएका छन् । यसैगरी १ कठ्ठा जग्गा जमिन हुने कमलरीको प्रतिशत १० प्रतिशतमात्र रहेको पाइयो । अध्ययन क्षेत्रका उत्तरदाताहरु मध्ये ज्यालामजदुरी गरेर जिविका चलाउनेको प्रतिशत ६० रहेको पाइयो । १७ प्रतिशत उत्तरदाताहरुले किनेर खाद्यान्न जुटाउने गरेको बताए । यसैगरी १७ प्रतिशत उत्तरदाताहरुले फर्निचरको काम गरेर र ७ प्रतिशत उत्तरदाताहरुले ठेक अधियामा जग्गा कमाएर आद्यान्नको जोहो गर्ने गरेको बताएका थिए । यसैगरी ३७ प्रतिशत ले

मात्रै आम्दानीको लागि कृषि पेशामा भर परेको पाइयोे भने ज्याला मजदुरी गर्नेको प्रतिशत ३३ रहेको छ । सरकारी सेवामा ७ प्रतिशतको मात्र उपस्थिति रहेको पाइयो । आफूसँग आय-आर्जनको अर्को स्रोत नहुँदा र खेती गर्ने प्रशस्त जग्गा/जमिन नहँुदा मजदुरी पेशा अपनाउन परेको उनीहरुले बताए । विदेश गइ आय आर्जन गर्नेको प्रतिशत २३ रहेको छ । यसैगरी ३३ % महिला पुरुष दुबै मिलेर कृषि कार्यमा लागेको पाईयो भने ४०% महिला मात्रै र २७ % पुरुष मात्रै सहभागि रहेको पाईयो । अध्ययन गरिएका उत्तरदाताहरु मध्ये एकात्मक परिवारको प्रतिशत ८३ र संयुक्त परिवारको संख्या १७ रहेको पाइयो । यसरी अध्ययन क्षेत्रको कमलरीमा संयुक्त परिवार भन्दा एकात्मक परिवारमा वस्ने वढी पाइयो ।

अतः विगतको तुलनामा अध्ययन क्षेत्रका कमलरीहरूमा अहिले धैरै परिवर्तन आएको छ । विद्यालय जाने उमेरका बालबालिकाहरू विद्यालय गएका, छोरीवुहारीले स्नातक सम्म अध्ययन गरेको पाइयो । यहाँका कमलरी महिलाहरू विभिन्न तालिमहरू लिएर आयआर्जनमा संलग्न रहेका छन् । वचत गर्ने वानीको विकास भएको छ । साना तिना समस्याहरू टार्न श्रीमान्को भर पर्नु पर्दैन । उनीहरूको जग्गा जमिन कम छ । भएको पनि उत्पादनशील छैन । कतिपय उत्तरदाताको नाममा जग्गा जमिन नै छैन् । ज्याला मजदुरी गरी जीवीकोपार्जनमा रमाइरहेका छन्, कतिपयको त घर वनाउने ठाउँ पनि छैन त्यसैले साना साना घरहरू गुजुप्प वनाई बसेका छन् । कमलरी महिलाहरूको शैक्षिक चेतनाको स्तर बृद्धि हुँदै गएको छ जसको फलस्वरूप सामाजिक, आर्थिक, शैक्षिक, राजनीतिक, सांस्कृतिक र नेतृत्व तहको अवस्थामा परिवर्तन आएको पाइयो । छोरीलाई पनि पढाउनुपर्छ भन्ने धारणाको विकास हुनुका साथै छोराछोरीलाई नियमित स्कुल पठाउने गरेको पाइयो । छोरीलाई स्कुल र छोरालाई बोर्डिङ्ग पढाउने चलन भने

केहीहदसम्म कायमै रहेको पाइयो भने कसैले समान अवसर दिएको पनि पाइयो । सामाजिकीकरण प्रकृयामा बृद्धि भएर सबै समान व्यवहार हुने गरेको पाइन्छ । सामूहिक कार्यमा गैरकमलरी महिलाहरूले कमलरी महिलासँगै बसेर खाने, बस्ने, सँगै काम गर्ने प्रचलन रहेको छ । उनीहरू विगतमा भन्दा धेरै सचेत र सुधारीएका छन् ।

**५.३ निष्कर्ष**

यस अध्ययन क्षेत्र टिकापुर नगरपालिका वडा नं. १ शक्ति नगरमा बस्ने कमलरीहरूको जिविकोपार्जनको अवस्थामा आएको परिवर्तनलाई विश्लेषण गरिएको छ । हाम्रो समाजमा पितृसत्तात्मक सोचका कारण अझै पनि धेरै महिलाहरु पिछडिएर रहेको अवस्था छ त्यसमा पनि कमलरीहरू झन् धेरै पछाडि छन् । मुक्त हुनु भन्दा अगाडि उनीहरुमा आत्म विश्वासको कमी थियो भने मुक्त भएपछि उनीहरुको क्षमता आफैले चिन्न पाएका छन् । यसैगरी मुक्त भएपछि केही तत्कालै समस्या आएपनि विस्तारै आत्म सम्मानमा बृद्धि भएको पाइयो भने मुक्त हुनु भन्दा अगाडि भविष्यको चिन्ता र चासो केही पनि थिएन । केबल दैनिकी संचालन गर्नु , मालिकलाई खुशी बनाउनु मात्र थियो । पहिला अर्थात मुक्त हुनु भन्दा अगाडि २/४ रुपैया पनि मालिकको दया मायामा आश गर्नुपर्ने अवस्था थियो भने मुक्त भएपनि आफैले खर्चको जोहो गर्नुपर्ने बाध्यता भएपनि आफ्नै खुशी राजीले काम गर्न पाउने र खर्च पनि गर्न कसैको आश र त्रासमा वस्नु पर्ने अवस्था नभएको ले मुक्त भएपनि जिविको पार्जनमा पनि परिवर्तन आएको कुरा अध्ययनबाट जानकारी हुन आयो । यसरी हेर्दा कमलरीहरु रहरले कमलरी भएका होइनन यसका लागि सामाजिक संस्कार प्रचलन जिम्मेवार छन् । त्यसैले यी र यस्ता प्रथाहरुको जरै देखि निर्मुल पार्नु पर्ने आवश्यकता वढ्दै गएको पाइयो ।

## सन्दर्भ सामाग्री सूची


आचार्य, विनोदकुमार (२०६९), *जिविको पार्जनमा आएको परिवर्तनसँगै महिला सशक्तिकरणमा बृद्धि,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, रत्नराज्य लक्ष्मी क्याम्पस ।

आचार्य, वलराम (२०७२), *सामाजिक विश्लेषणको सैद्धान्तिक ढाँचा :* विद्यार्थी पुस्तक पब्लिकेशन ।

आचार्य, वलराम (२०७८), *लैङ्गिक अध्ययन,* तृतीय संस्करण ः नेशनल बुक सेन्टर ।

आचार्य, विश्वास (२०७०), *नेपालमा कमलरी प्रथाको सामाजिक प्रभाव,* काठमाडौ पैरवी प्रकाशन ।

कुँवर, लक्ष्मण (२०६७), *कमलरी पर्थाका सवालहरु,* कैलालीः खप्तड विकासमञ्च, नेपाल, धनगढी ।

घिमिरे, झमक (२०६७), *के कमलरी पर्था अपवित्र हो,* काठमाडांैः समत फाउण्डेशन ।

चौधरी, कृष्ण (२०७७), *कमलरी प्रथाः मुक्तिको इतिहास र वर्तमान,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि. त्रि-चन्द्र क्याम्पसं ।

चौधरी, शान्ता (२०७८), *कमलरी देखि सभासद सम्म,* काठमाडौंः जनहित संरक्षण मञ्च, अनामनगर, काठमाडौं ।

चौधरी, हिमांशु (२०७४), *कैलालीका मुक्त कमैयाहरुको सामाजिक अवस्थामा आएको परिवर्तन,* अप्रकाशित शोधपत्र, त्रि.वि.वि., केन्द्रीय विभाग, काठमाडौं ।

चौधरी, रामविलाश (२०७७), *मुक्त कमलरीले भोग्नु परेका समस्या,* अप्रकाशित शोधपत्र, त्रिभुवन विश्वविद्यालय, जनप्रशासन क्याम्पस ।

जोशी, श्याम (२०६७), *महिला उद्यमशिलता तथा जिविको पार्जनको अवस्था,* अप्रकाशित शाोधपत्र, त्रिभुवन विश्वविद्यालय, पाटन संयुक्त क्याम्पस, समाजशास्त्र विभाग ।

राष्टिय जनगणनाको प्रतिवेदन, २०७८, काठमाडौंः केन्द्रिय तथ्याङ्क विभाग ।

पन्त, गुड्डी (२०७७), *कैलालीमा कमलरी प्रथा अन्त्यका सवालहरु,* कैलालीः सामुदायिक सौरभ, वर्ष १ अंक १ ः टीकापुर सामुदायिक पुस्तकालय ।

पौडेल, केदारमणि (२०७५), *आधुनीकरणले स्थानीय महिलामा पारेको आर्थिक प्रभाव,* काठमाडौंः समृद्धि र विकास, बुद्ध यकेडेमीक पब्लीसर्स एण्ड डिट्रीव्युट्र्स प्रा.लि. ।

बराल, पृथ्वीसुब्बा (२०७५), *कमलरी प्रथा अन्त्यका सवालहरु,* काठमाडौंः हिमालयन पब्लिकेशन प्रा.लि.

श्रेष्ठ, जानुका (२०७६), *नेपालमा मुक्त कमलरी प्रर्थाका चुनौतिहरु,* काठमाडौं अननन्त पब्लिकेशन ।

Ashley, P. (1999). *Sustainable livelihoods: Lessons from early experience*. DFID,

Brock, Karen (1999). *Implementing a Sustainable Livelihoods Framework for Policy-* Directed Research: Reflections from practice in Mali. IDS Working Paper 90, IDS, Brighton.

Bhandari, Mala (2021). *Attitude and practices of community people of Kailali towards Kamlari*. An unpublished Masters's thesis Submitted to Department of Health and Population Education, University Campus .

Carney, Diana et al (1999). *Livelihoods Approaches Compared*. DFID

Kandel, Nirmal(2019). "*Kamlari Pratha and its challenges" Kamlari : Examples of Discriminatory Practices against Women in the Mid 122 and Far Western Regions of Nepal: Considering Women as "Impure"* or "Unclean" During Menstruation and Post-PartumPeriods.

Pant , Prem Raj (2015). *Social Science Research*, Buddha Academic, 3rd edn.

Ritzer , George, (1996), *Modern Sociological Theory* : Mc Graw Hill Company

Turton, Cathryn (2000). *The Sustainable Livelihoods Approach and Programme* Development in Cambodia. ODI Working Paper 130, ODI

अनुसूची १ ः  प्रश्नावली

मुक्त कमलरीहरुको जीविकोपाजर्नमा आएको परिवर्तन

१. पारिवारिक विवरण

नाम,थरः ठेगानाः

धर्मः जातः लिङ्गः पेशाः

हालको उमेरः परिवारको संख्याः शिक्षाः

वैवाहिक अवस्थाः (विवाहित/अविवाहित)

आम्दानीको स्रोतः

२. तपाईको नाममा  के कति जग्गा जमिन रहेकोछ ?

क) जग्गा जमिन नै छैन ख) १०  धुर ग) १० देखि १५ धुर घ) १ कठ्ठा सम्म

३. जग्गा जमिनबाट वर्ष भरिमा खाद्यान पुग्छ, यदि पुग्दैन भने के कसरी जुटाउनु हुन्छ ?

क) ज्याला मजदुर गरेर ख) किनेर ग) ठेक अधियामाबाट घ) व्यापा व्यवसाय बाट

४ं) तपाईहरुले कुन कुन पशुपालन गर्नु भएको छ ?

क) सुगुर  ख) बाख्रा  ग) गाई/भैसी  घ) अन्य

५ं) तपाई कस्तो परिवारमा वस्नु हुन्छ ?

क) एकात्मक  ख) सयुक्त

६) अन्त तथा कृषि उब्जनीमा तपाईको परिवारमा कस्तो सहभागिता महत्वपूर्ण रहन्छ ?

क) महिला  ख) पुरुष  ग) दुबै

७) पशुपालन तथा रेखदेखमा कसको सहभागित बढि हुने गरेको छ ?

क) बाबु ख) आमा ग)  छोरा/छोरी घ) परिवारका सबै सदस्य मिलेर

८) तपाईको परम्परागत पेशा व्यवसायमा परिवर्तन आयको महशुस गर्नु भएको छ ?

क) सरकारी ऋण लिई व्यापार गर्न थालेको ख) सीप सिकी व्यापार गर्न थालेको

ग) कृषि कार्य बढाएको  घ) ज्याला मजदुरी गर्न थालेको

९) घरमा सरसफाई गर्ने कार्यमा कसको सहभागिता बढि हुन्छ ?

क) आमा ख) छोरा ग) छोरी घ)  बाबु

१०) खाना पकाउने  काममा कसको सहभागिता बढि हुन्छ ?

क) बाबु ख) आमा ग) छोरा घ) छोरी

११) बच्चा बच्चिको रेखदेखमा कसको भूमिका महत्वपूर्ण हुन्छ ?

क) पुरुष ख) महिला ग) दुबै

१२) विवाह गर्ने कार्यमा कसको भूमिका निर्णायक हुन्छ ?

क) बाबु ख) आमा ग) छोरा छोरी आफैबाट घ)  बाबु आमादुबैको सल्लाहबाट

१३) चाडपर्वमा आवश्यक सामान जुटाउनु पर्दा कसको भूमिका प्रमुख हुन्छ ?

क) बाबु ख) आमा ग) दुबैको सल्लाहबाट

१४) तपाईको घरमा के कस्ता विद्युतिय उपकरणहरु रहेका छन् ?

क)  रेडियो ख) टेलिभिजन ग) मोबाइल घ) अन्य

१५) पैसा लेनदेनमा कसको भूमिका महत्वपूर्ण हुने गरेको छ ?

क) बाबु ख) आमा ग) दुबैको सल्लाहबाट

१६) बच्चालाई बोर्डिङ स्कुलमा पढाउने विषयमा कसको निर्णयले भुमिका खेल्ने गर्दछ ?

क) बाबु ख) आमा ग) दुबै घ) अन्य

१७. तपाईको जिविको पार्जनमा परिवर्तन आएको छ ?

क) छ	ख) छैन

ग) थाहा छैन	घ) अन्य

१८. तपाईको घरायसी निर्णमा प्रक्रियामा परिवर्तन आएको छ ?

क) छ	ख) छैन

१९. तपाईका मुक्त हुनु भन्दा अगाडिको अवस्थामा र अहिलेलाई कसरी तुलना गर्नुहुन्छ ?

क) पहिलाको अवस्था ठिक थियो	ख) अहिलेको अवस्था राम्रो छ

ग) उस्तै हो	घ) खासै फरक छैन ।

२०.भू-स्वामित्वमा अधिकारमा पछिल्लो समयमा परिवर्तन आएको छ ?

क) छ	ख) छैन

२१. घरायसी सामानको किनवेचमा तपाईको भूमीका कस्तो छ ?

..........................................................................................

२२. उत्पादिन वस्तु बढि भएकोमा विक्रि वितरण गर्ने कार्यमा भएको परिवर्तन ?

२३. जग्गाजमिन किनबेचमा हुने निर्णयमा आएको परिवर्तन के कस्तो छ ?

२४. पैसा लेनदेनमा हुने निर्णयमा केही परिवर्तन आएको महशुस गर्नु भएको छ ?

२५. तपाईलाई समस्या परेको अवस्थामा परिवारबाट कस्तो सहयोग पाउनु हुन्छ ?

क) सकारात्मक	ख) नकारात्मक	ग) खासै सहयोग पाइदैन

२६. मुक्त भएपछि तपाईको जिवनमा कुनै परिवर्तन आयो की आएन ?

क) आयो	ख) आएन

२७. कुनै सुझाव छ की ?

..............................................................................................................................................

अनुसूची २ उत्तरदातासँगको छलफलमा अध्ययन कर्ता नविन चौधरी

